"सामाजिक परीक्षण पारदर्शिता र जवाफदेहितालाई प्रवर्द्धन गर्दै सुशासनलाई सुदृढ गर्ने एक पद्धति हो"- चार्ल्स मेडवेभर

"समुन्नत ठाकुरबाबा: सबल नगरवासी"

# ठाकुरबाबा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सैनवार,बर्दिया

(लुम्बिनी प्रदेश , नेपाल)

# सामाजिक परीक्षण प्रतिवेदन

## (आ.व. २०७८/०७९)

**प्राविधिक सहयोग र पेश गर्ने :**

उत्पीडित सामुदायिक विकास केन्द्र
Oppressed Community Development Center
(OCDC-Banke)
फोन नं. :- ०८१-५४०२७७, ९८५८०२३६०४
ई-मेल :- ocdcmidwest@gnail.com

# विषय सूचीहरु :


कृतज्ञता……………………………………………………………………………………………३-४

१. परिचय……………………………………………………………………………………………५

२. उद्देश्य……………………………………………………………………………………………५

३. सामाजिक परीक्षण विधि तथा प्रक्रिया………………………………………………………………६

– सन्दर्भ सामग्री अध्ययन तथा पुनरावलोकन र समीक्षा……………………………………………६

– सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण……………………………………………………६

– मुख्य पदाधिकारीसँग अन्तरवार्ता…………………………………………………………………७

– समूह छलफल………………………………………………………………………………………७

– स्थलगत अवलोकन तथा निरीक्षण………………………………………………………………७-८

– सार्वजनिक वहश कार्यक्रम/प्रारम्भिक प्रतिवेदन तयारी प्रस्तुति तथा छलफल…………………८-९

– प्रतिवेदन तयारी……………………………………………………………………………………९

– सामाजिक परीक्षणमा समावेश गराउनु पर्ने…………………………………………………………९

– प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा सार्वजनिक वहश कार्यक्रमको तयारी……………………………९

– सार्वजनिक वहश तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि……………………………………………………………………………………९

– प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन……………………………………………………………१०

४. सामाजिक परीक्षण सम्बन्धी अध्ययनको क्षेत्र र सिमा……………………………………………१०

५. वृहत छलफलको विवरण……………………………………………………………………………१०

६. ठाकुरबाबा नगरपालिका र विषयगत कार्यालय एवं गैसस सामाजिक उपलब्धी तथा कार्यसम्पादनको स्थिति विवरण……………………………………………………………………………………१०

७. सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु……………………………………………………१०

६. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु……………………………………११

९. सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु…………………१२

१०. अनुसूची-५ (दफा १७ को उपदफा (३) सँग सम्बन्धित प्रतिवेदन)……………………………१२-१९

११. अनुसूची-६ (दफा १८ को उपदफा (२) सँग सम्बन्धित प्रतिवेदन)……………………………२०-२५

१२. अनुसूची-७ सामाजिक परिक्षण कार्यक्रमसँग सम्बन्धित फोटोहरु ……………………………२६-३४

ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
सैनवार,बर्दिया
लुम्बिनी प्रदेश,नेपाल

प.सं. २०७९/०८०  फोन नं. ९८५८०७२१११
च.नं.

## कृतज्ञता

ठाकुरबाबा नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जाफावदेहि बनाउन नीति, योजना तथा कार्यक्रमको कायावर्न्यन प्रकृया, प्राप्त उपलब्धि र त्यसलेपारेको आर्थिक सामाजिक प्रभावको मुलल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्दश्य प्राप्तीको सुनिश्चिता गर्न र जनप्रतिनिधी तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिवृद्धिगर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (७८) को उपदफा (५)को प्रयोजनको लागी  स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले ठाकुरबाबा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धी कार्यविधी, २०७९ जारी गरेको छ । यसै कार्यविधी बमोजिम ठाकुरबाबा नगरपालिकाले गत आर्थिक वर्ष २०७८/०७९ मा तर्जुमा गरेको नीति योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले नगरबासीको सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदान तथा उपलब्धीको लेखाजोखा तथा विश्लेषण गर्ने र आगामी दिनमा सामाजिक क्षेत्रको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई अझ सहभागितामूलक, पारदर्शी, नजितामूलक तथा प्रभावकारी बनाउन सहयोग पुऱ्याउने उद्देश्य अनुरुप पहिलो प्रयास स्वरुप सामाजिक परीक्षण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको र यसको निचोड प्रतिवेदनको रुपमा प्रस्तुत तथा सार्वजनिक गरिएकोछ । सामाजिक परीक्षण यस नगरको लागि पहिलो प्रयास भएको, उपलब्ध कार्यविधि, फाराम तथा अध्ययन तथा सर्वेक्षण विधि र प्रक्रिया पनि अभ्यासमा आई परीक्षण समेत भई नसकेको र नगरमा आधार तथ्याङ्को कमीका कारण सामाजिक परीक्षणमा तथ्याङ्को खाल लगायत थुप्रै कमीकमजोरी रहेका छन् ।

समष्टीगत रुपमा  स्थानिय सरकार संचालनको पहिलो पाँच बर्षिय अवधिमा संघियताको महत्वपूर्ण आधारको रुपमा रहेको स्थानिय सरकार र स्थानिय सरकार सन्चालनका आधारभुत आधारशिला तयार भएको छ । नगरपालिकाले आफ्नै गुरुयोजना तयार गरी विकास र सुशासनको निमित्त स्थानिय सरकार सन्चालन सम्बन्धि कानुनको निर्माण भई संस्थागत र संरचनागत विकास गरी दिर्घकालिन योजनाको आधार तयार गरी संचालनमा ल्याईसकेको अवस्था छ । संगठन, जनशक्ति र कानुन जस्ता आधारभुत पक्षमा भएकाकार्यहरुले नीति कार्यक्रम र बजेट कार्यानवयनमा अघि बढेको देखिन्छ ।  यस पालिका भित्र गरिएको छलफलको आधारमा र समय र श्रोत साधनका कमीका कारण कतिपय साझेदार नागरिक समाजका संस्थाहरुको विवरण र उपलब्धीलाई परीक्षणको क्रममा अध्ययन, सर्वेक्षण तथा विश्लेषण गर्न नसकिएको भएता पनि यस ठाकुरबाबा नगरपालिकाले गत आर्थिक वर्षमा चालु तर्फ ६४.७२, पुजिगत तर्फ ३६.०२ र समग्रमा ५२.०७ प्रतिशत उपलब्धी हासिल गर्न सफल भएको उपलब्ध तथ्याङ्क, अध्ययन, सर्वेक्षण र अभिमत संकलन विवरणबाट देखिएकोछ । तथापी जनस्तरमा नगरपालिकाप्रतिको विश्वास र सेवा प्रवाहमा चुस्तता ल्याई यसको माध्यमबाट अझ प्रभावकारी, सरल र सहज बनाउन भने आवश्यक देखिन्छ ।

ठाकुरबाबा नगरपालिका
Thakurbaba Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
सैनवार,बर्दिया
लुम्बिनी प्रदेश,नेपाल

प.सं. २०७९/०८० फोन नं. ९८५८०७२१११
च.नं.

उक्त उपलब्धी सन्तोषजनक नै रहेको भएता पनि स्थानीय सरकारको जिम्मेवारी र सेवाग्राहीको अपेक्षानुकुल हुन अझ प्रयास गर्नु पर्ने सबैपक्षबाट महशुस गरिएकोछ । फलस्वरुप आगामी वर्षहरुमा सामाजिक उद्देश्य तथा उपलब्धी हासिल गर्न लगानी, ठोस कार्यक्रम र आयोजनामा बृद्धि गर्ने, नपा, गैसस, नीजि क्षेत्र र नगरवासी बीच साझेदारीमा बृद्धि गर्ने, कार्यक्रमलाई नतिजा तथा उपलब्धीमूलक बनाउने, नगरपालिकाले प्राथमिकतामा राखेको नगरको गुणस्तरीय शिक्षा , स्वास्थ्य लगायत सामाजिक सेवाको विकास र विस्तार,कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बद्धि, नगरस्तरीय गौरवका आयोजनाहरुको कार्यान्वयन पूर्वाधारका अन्य विकास र कार्यान्वयन,जनप्रतिनिधी र कर्मचारीको क्षमता विकास र सुशासन प्रवर्धन लगाएत विभिन्न विषयगत विकासको लागि आगामी आर्थिक वर्षमा कार्यक्रम तथा नितीबनाई कायान्वयमा ल्याइने साथै सडक तथा भवन मापदण्डको परिपालना,आनतरीक राजस्व बढाउनेकार्य जस्ता कार्यक्रमहरुलाई बिशेष प्रथमिकता दिई कार्यन्वयनमा जोड दिएको छ ।

दिगो विकासको अवधारणालाई मुर्तरुप दिन भौतिक पुर्वाधार निमार्णमा नगरपालिका भित्र भएका विभिन्न प्रमुख र सहायक सडकहरुको विद्मान अवस्था अध्ययन गरि नगर यातायात गुरु योजना तयार गरी सो को आधारमा सडक सञ्जाल नङसाकन गरेर MTMP को प्राथमिकता क्रममा परेका सडकहरु क्रमिक रुपमा स्थरोन्नती गर्दै लैजाने नीति अवलम्बन गरिने छ । वातावरणीय पक्षलाई विशेष ध्यान दिई नगरबासीको सक्रिय सहभागीतामा योजना तर्जुमा र कार्यन्वयन गर्ने प्रणाली अबलम्बन गरी सुशासनलाई केन्द्र बिन्दुमा राखी योजना तथा कार्यक्रमहरको सुपरिबेक्षण तथा अनुगमन कार्यलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता कार्यान्वयन गर्ने साथसाथै सामाजिक विकासका कार्यक्रम संचालन गर्ने । बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा, सो को कार्यान्वयन र नतिजामूलक अनुगमनको खाँका, योजना तयारी र तथ्याङ्कको आधार तयार गर्ने जस्ता प्रतिवद्धता सम्बन्धित पक्षबाट व्यक्त भएको र त्यसको लागि सबै पक्षबाट सहयोग गर्ने प्रतिवद्धता समेत गरिएको छ । जुन सामाजिक परीक्षणको अर्को उपलब्धीको रुपमा पनि लिन सकिन्छ ।

सामाजिक परीक्षण कार्यक्रममा सूचना तथा विवरण तयार गर्ने, अध्ययन, सर्वेक्षण तथा अन्तरवार्ता, वहश कार्यक्रममा सहभागि हुने तथा सहयोग गर्ने सेवाग्राहीहरु, शाखा प्रमुख तथा प्रतिनिधिहरु, नपाका कर्मचारीहरु, संचारकर्मी, आयोजना तथा कार्यक्रमका संबन्धित पक्षहरु र सामाजिक परीक्षण कार्यक्रमको अध्ययन, अनुसन्धान, अभिमुखीकरण तथा वहश कार्यक्रमको सहजिकरण गर्ने र यस रुपमा सामाजिक प्रतिवेदन तयार गर्न प्राविधिक सहयोग गर्ने उत्पीडित समुदायिक विकास केन्द्र (OCDC-Banke), बाँके र परामर्शदाता तथा सामाजिक परीक्षक श्री सोभिता परियार र यस कार्यमा सहभागि भई सहयोग गर्नुहुने अन्य सबैलाई धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

श्री रामहरि रिजाल
(प्रमुख प्रशासकीय अधिकृत)

# ठाकुरबाबा नगरपालिकाको सामाजिक परीक्षण प्रतिवेदन
## आ.व.२०७८/०७९

**१. पृष्ठभूमि :-** ठाकुरबाबा नगरपालिकाको सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जाफावदेहि बनाउन नीति, योजना तथा कार्यक्रमको कायावर्न्यन प्रकृया, प्राप्त उपलब्धि र त्यसलेपारेको आर्थिक सामाजिक प्रभावको मुलल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्दश्ेय प्राप्तीको सुनिश्चिता गर्न र जनप्रतिनिधी तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहिता अभिवृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ को उपदफा ९५० को प्रयोजनको लागी  स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकालेजारी गरेको कार्यविधी बमोजिम आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सामाजिक परीक्षण गराउनु पर्ने व्यवस्था गरेकोछ । उपरोक्त व्यवस्था बमोजिम यस नगापालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नु पर्दछ । यस अन्तर्गत सामाजिक परीक्षणका सैद्धान्तिक र व्यावहारिक पक्षलाई समेट्दै स्थानीय सरकारका ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धि र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकहरुलाई आधारमानी लेखाजोखा गर्नु पर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धी परीक्षण कार्यविधि, २०७९ ले "सामाजिक परीक्षण" भन्नाले स्थानीय तहका योजना,नीति,कार्यक्रम,आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक सामाजिक विकासमा पारेको समग्र योगदानको लेखाजोखा,विश्लेषण र मूल्यांकन गरी अध्ययन प्रतिवेदन तयार गर्ने औजारलाई सामानिक परीक्षण वा Social Audit भनिन्छ । कार्यलयको समग्र योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले नगरबासीहरुमा आर्थिक सामाजिक विकासले गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनुपर्छ भनी परिभाषित गरेको छ । गत आर्थिक वर्षको सामाजिक परीक्षण आर्थिक वर्ष समाप्त भएपछि चालु आर्थिक वर्षको पहिलो चौमासिक भित्र गरिसक्नु पर्नेछ तर कुनै कार्यक्रम/आयोजना विशेषको थप सामाजिक परीक्षण गर्न समेत सक्ने समेत व्यवस्था यसले गरेकोछ । यस कार्यलाई मूर्तरुप दिन परामर्शदाता संस्थाका विषयविज्ञहरु परिचालन गरी यस ठाकुरबाबा नगरपालिका बर्दियाले गत आर्थिक वर्षको नीति, योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन गरी यो प्रतिवेदन तयार गरेकोछ । यस प्रतिवेदनमा सामाजिक परीक्षणको पृष्ठभूमि तथा उद्देश्य, अध्ययन विधि तथा सीमा, सार्वजनिक वहश तथा छलफल, नपा, विषयगत शाखा र साझेदार गैससबाट हासिल सामाजिक उपलब्धी तथा सामाजिक जिम्मेवारी सम्पादनको अवस्था, सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु, कमीकमजोरी तथा सो पुरा गर्न चाल्नुपर्ने कदमहरु वा सुझावहरु समेटिएको छ ।

**२. उद्देश्य** :- ठाकुरबाबा नगरपालिका बर्दियाले गत आर्थिक वर्षमा तर्जुमा गरेको नीति योजना, कार्यक्रम तथा आयोजना कार्यान्वयन र सेवा प्रवाहले नागरिकको सामाजिक आर्थिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन प्रक्रियालाई स्थानीय सरकार सामाजिक परीक्षण कार्यविधि २०७९ बमोजिम अध्ययन, अनुसन्धान, सर्वेक्षण सार्वजनिक वहश र सहजिकरण गरी प्रतिवेदन तयार गरीएको छ । यस परीक्षण तथा प्रतिवेदनबाट नगरपालिकालाई सामाजिक परीक्षणको व्यवस्थालाई पूर्ण रूपमा लागू गर्नका लागि परीक्षण विधिलाई सरलीकृत गर्न, प्रक्रियालाई स्पष्ट तथा व्यवस्थित गर्न, सामाजिक जिम्मेवारीको सम्पादन प्रक्रियामा एकरूपता ल्याउन र सामाजिक परीक्षण कार्यलाई संस्थागत गर्न समेत पुग्ने अपेक्षा गरिएको छ ।

**३. सामाजिक परीक्षण विधि तथा प्रक्रिया :-** ठाकुरबाबा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरी सहभागितामूलक प्रक्रियाबाट सम्पन्न गरी प्रतिवदेन तयार, प्रस्तुत तथा सार्वजनिक गरिएको छ ।

**३.१ सन्दर्भ सामग्री अध्ययन तथा पुनरावलोकन र समीक्षा :-** नगरपालिकाबाट नियुक्त परामर्शदाता संस्थाका विषयविज्ञ सामाजिक परीक्षकहरुले सन्दर्भ सामाग्रीको रूपमा स्थानीय सरकार संचालन ऐन २०७४, कार्यविधिहरू र निर्देशिकाहरू, नपाको सामाजिक वार्षिक कार्यक्रम, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना, नगरपरिषदका निर्णय, नितिगत व्यवस्था र कार्यक्रम, सामाजिक उपलब्धि, परिणाम र प्रभाव संबन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाई प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू तथा अन्य आवश्यक सामाग्रीको अध्ययन तथा अभिलेखन गरिएको थियो । त्यस्ता सामाग्रीहरुको अध्ययन पश्चात यस ठाकुरबाबा नगरपालिकाले सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा समीक्षा र विश्लेषण समेत गरी यसलाई प्रतिवेदनमा समेटिएकोछ । अध्ययन, पुनरावलोकन र समीक्षाबाट नपाको सामाजिक उत्तरदायित्व विशेष गरी सामाजिक परीक्षण संबन्धी कानूनी, नीतिगत, निर्देशिका, कार्यविधि, योजना तथा नीति कार्यक्रमका व्यवस्थाहरु तपसिल बमोजिम प्रस्तुत गरिएकोछ ।

- सुशासन व्यवस्थापन ऐन र तत् सम्बन्धी नियमावली, २०६५ ले पनि सार्वजनिक निकायले सुशासन कायम गर्न सामाजिक उत्तरदायित्व अभिबृद्धिका रणनीति र औजारहरुको प्रयोग गर्नुपर्ने व्यवस्था रहेको ।
- जनगुनासो व्यवस्थापन निर्देशिका, २०६६ ले सार्वजनिक निकायले कार्यसम्पादनबारे जनगुनासो र सन्तुष्टी सर्वेक्षणको व्यवस्था गरेको ।
- **स्थानीय सरकार संचालन ऐन, २०७४** को दफा ७८ मा आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु पर्ने : (५) गाउँपालिका तथा नगरपालिकाले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको ।
- **दफा ८०. सूचना प्रविधिको प्रयोग** :- मन्त्रालयले स्थानीय तहको आर्थिक कार्यप्रणाली र प्रशासनिक काम कारबाहीमा एकरूपता कायम गर्न तथा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न त्यस्तो क्षेत्रमा प्रयोग गर्नुपर्ने सूचना प्रविधिको ढाँचा तोक्न सक्नेछ । र यसै अर्न्तगत रहेर बनेको कार्यविधी ठाकुरबाबा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधी, २०७९ निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।

**३.२ सामाजिक परीक्षण सम्बन्धी अभिमुखीकरण :-** स्थानीय सुशासनको सन्दर्भमा उत्तरदायित्वको आवश्यकता, उत्तरदायित्वका विभिन्न औजारहरु लगायत सामाजिक परीक्षणका सैद्धान्तिक पक्ष र कार्यविधिको जानकारी, प्रयोग, सामाजिक परीक्षण विधि तथा प्रक्रिया समेत जनप्रतिनिधि,नगरपालिकाका कर्मचारी, विषयगत समिति संयोजक ,कार्यापालिका सदस्य, स्थानीय संचारकर्मी, नागरीक समाजका प्रतिनिधि र वडाअध्यक्षज्यूहरुका लागि १ दिने अभिमुखीकरीरण कार्यक्रम मिति २०७९ पौष १४ गते संचालन गरिएको थियो । उक्त अभिमुखीकरण कार्यक्रमको आयोजना ठाकुरबाबा नगरपालिका बर्दियाले नगरपालिकाको सभाहलमा गरेको थियो भने कार्यक्रमको सहजीकरण परामर्शदाता संस्थाका विषयविज्ञ श्री सोभिता परियारले गर्नु भएको थियो । उक्त कार्यक्रम उल्लेखित क्षेत्रका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

**३.३ नगरस्तरीय सामाजिक परीक्षण समन्वय समिति परिचालन** :- यस ठाकुरबाबा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधि २०७९ बमोजिम सामाजिक परीक्षण कार्यको समन्वय तथा स्थानीय सरकार तथा सामाजिक परीक्षकलाई सहयोग गर्न नगरस्तरीय सामाजिक परीक्षण समन्वय समिति गठन गर्ने व्यवस्था कार्यविधिले गरेता पनि सो बमोजिमको कार्यलाई समन्वय र सहयोगको लागि व्यवस्था गर्ने सवै जिम्मा उत्पीडित समुदायिक विकास केन्द्रले जिम्मा लिएको थियो ।

**३.४ मुख्य पदाधिकारीसँग अन्तरवार्ता :-** सामाजिक परीक्षणको विधि तथा प्रक्रिया र कार्यविधिमा तोकिएका सूचकहरूका आधारमा परामर्शदाता संस्थाका सामाजिक परीक्षकहरुले नपाका प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख तथा सम्बन्धित कर्मचारीहरु, विषयगत शाखा प्रमुख/जनप्रतिनिधिसँग अर्धसंरचित (Semi-Structured) अन्तरवार्ताबाट तथ्याङ्क संकलन गरिएको थियो । यस क्रममा नगरपालिकाका पदाधिकारी, राजनीतिक दल, कार्यपालिका सदस्य, बिषयगत समिती संयोजक, बिषयगत शाखा प्रमुख लगायत संचारकर्मी तथा सेवाग्राहीसँग अन्तरवार्ता गरिएको थियो ।

**३.५ समूह छलफल :-** सामाजिक परीक्षणका विधि तथा प्रक्रिया बमोजिम कार्यविधिमा तोकिएका सूचकहरु तथा सन्दर्भ सामग्रीहरुको अध्ययनको आधारमा अन्तरवार्ता, केन्द्रित समुह छलफलबाट समेटिन नसकेका विषयहरूका लागि नपा तथा विषयगत कर्मचारी तथा सेवाग्रहीको सानो समूह बनाई समूह छलफल गर्ने र सूचना संकलन तथा छलफलको निष्कर्ष समेत निकालिएको थियो ।

- मुख्य पदाधिकारी र कर्मचारीसँग अर्न्तवार्ता (कृषी विकास शाखा, शिक्षा, युवा तथा खेलकूद विकास शाखा तथा , स्वास्थ्य शाखा, पूर्वाधार शाखा, आर्थिक प्रशासन शाखा, सामाजिक विकास शाखा, पशु सेवा शाखा र न्यायिक समिती)
- समूह छलफल - लक्षित समुह, उपभोक्ता समुह, समिति, निर्माण व्यवसायी तथा सेवाग्राही)

**३.६ स्थलगत अवलोकन तथा निरीक्षण :-** सामाजिक परिक्षणका क्रममा नगरपालिकाको विभिन्न योजनाको स्थलगत अवलोकन, अध्ययन, अन्तरक्रिया र अभिमत संकलनबाट प्राप्त राय, प्रतिक्रिया र सुझावलाई यस प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

| क.सं | योजना को नाम | योजनाका सकारात्मक पक्ष | योजनामा सुधार गर्नुपर्ने पक्ष | कैफियत |
|---|---|---|---|---|
| १ | **भौतिक पूर्वाधार :- सडक निर्माण** | | | |
| | • रानिपुर कालिगौडी सडक कालोपत्रे योजना ।<br>• स्थान :ठाकुरबाबा वडा नं.२ र ७<br>• मुख्य काम ४३६३ मिटर ५.५ चौडा सडक कालोपत्रे ।<br>• संम्झौता रकम : ४७,४७,९६२६.००<br>• निमार्ण व्यवसायी : अमर भेनका जे.भी., मोबाईल नम्बर ९८५८०४५७७७<br>• योजना संघिय सरकार र स्थानीय सरकारको साझेदारीमा संचालन गरिएको । | • आवत जावतमा सहजता भएको छ ।<br>• जग्गाको भाउ बढेको छ ।<br>• ढुवानहुन बाट रोकिएको छ ।<br>• आयोजना स्थलमा सुचना पार्टीमा खर्च विवरण राखिएको । | • यो सडकको दीगोपनाका लागि अगामी वर्षमा दुबै तर्फ नाली निमार्ण गर्न आवश्यक रहेको ।<br>• योजनाको खर्च सार्वजनिक गर्दा उपभोक्ता/स्थानीय वासीहरुलाई प्रयाप्त सूचना प्रदान गर्नुपर्ने । | निर्माण व्यवसायी सँग सम्पर्क गर्न खोख्दा हुन नसकेको । |
| २ | **भौतिक पूर्वाधार :- मानव वन्यजन्तु द्धन्द व्यवस्थापनका लागि पर्खाल निर्माण** | | | |
| | • स्थान : ठाकुरबाबा वडा नं. ४ सैनवार, बर्दिया ।<br>• मुख्य काम : २१६.७ मिटर लामो पक्की पर्खाल निर्माण ।<br>• भुक्तानी रकम : रु.२७,१६,०००.००<br>• जनसहभागिता/श्रमदान: रु.३,००,६९५.५६ | • योजना प्रभावकारी रहेको जसका कारण बन्यजन्तुको रोकथाम हुनुका साथै स्थानीयको कृषि बाली समेत जोगिएको ।<br>• आयोजना स्थलमा सुचना पार्टी रहेको खर्चको विवरण राखिएको छ ।<br>• यो योजना उपभोक्ता समिति मार्फत गरिएको र आयोजनाको गुणस्तर राम्रो भएको । | • खर्च सार्वजनिक गर्दा सबै वर्ग, लिङ्ग र समुदायको सहभागिता गराउनुपर्ने देखिन्छ । | |

| | | | | |
|---|---|---|---|---|
| ३ | **भौतिक पूर्वाधार :-सडक ग्राभेल** | | | |
| | • तिनबत्ती देखी भण्डारीको घरसम्म ग्रावेल ।<br>• स्थान : ठाकुरबाबा नगरपालिका वडा नं. ५ बनवीर ।<br>• मुख्य काम : ४०० मिटर सडक ग्रावेल ।<br>• भुक्तानी रकम : रु.३,३९,५००.०० | • आवत जावतमा सहजता भएको छ । | • यस आयोजना स्थलमा सुचना पार्टी नभेटिएको हुँदा आगामी दिनमा सूचना पार्टी अनिवार्य रुपमा टिकाउ खालको राख्नुपर्ने ।<br>• नाली निर्माण र नियमित रुपमा मर्मत संभार गर्नुपर्ने । | |
| ४ | **पशु सेवा शाखा** | | | |
| | शाखा प्रमुख : श्री अमर बहादुर शाही<br>शाखाको वार्षिक कूल विनियोजित बजेट रकम : रु.६५ लाख | • पशुपन्छीं पालक किसानले घरदैलोमा नै पशपन्छीं पालन सम्बन्धी प्राविधिक सेवा र उपचारको सेवा प्राप्त गरेका छन् ।<br>• साना पशुपालक किसानको आम्दानी बृद्धि र व्यवसायिक पशुपालन तर्फ किसान आर्कषित भएका छन् । | • वडा स्तरमा टेव्रिज निमार्ण गरिनु पर्ने ।<br>• नगरपालिकाको नागरिक वडापत्रमा पशु सेवा शाखाले प्रदान गर्ने सेवा र सुविधाको बारेमा समेत जानकारी राखिनु पर्ने<br>• वडा कार्यालयबाट समेत पशु सेवा शाखाको स्थापना गरी आवश्यक दक्ष जनशक्ति सहितको सेवा सुविधा प्रदान गरिनु पर्ने । | |
| ६ | **नगर स्वास्थ्य शाखा** | | | |
| | शाखा प्रमुख : श्री इन्द्र बहादुर राजवंशी<br>कूल बजेट मध्ये जम्मा ४.७७ प्रतिशत विनियोजन गरिएको छ । | • आधारभूत स्वास्थ्य सेवा नगरवासीले स्थानीय स्तरमा नै प्राप्त गरेका छन् ।<br>• मातृ शिशु मृत्युमा कमी आएको छ र स्वास्थ्य संस्थामा गएर सुत्केरी गराउनेको संख्या बृद्धि भएको छ ।<br>• समुदाय स्तरमा स्वास्थ्य तथा पोषण सम्बन्धी जनचेतना अभिबृद्धि भएको छ ।<br>• स्वास्थ्य सेवाको पहुँच बृद्धि र सेवा विस्तार भएको छ । | • नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा आगामी वर्षमा कम्तिमा १० प्रतिशत बजेट विनियोजन गर्नुपर्ने ।<br>• रिक्त भएको स्थानमा कर्मचारीको व्यवस्थापन गरिनुपर्ने ।<br>• वडास्तरमा स्तनपान कक्ष निमार्ण गरिनु पर्ने ।<br>• स्वास्थ्य संस्थाहरुमा सामाजिक परिक्षणको कार्य गरिनुपर्ने ।<br>• नगर अस्पताललाई चाहिने आवश्यक जनशक्तिको पदपुर्ती गरेर पूर्ण क्षमतामा संचालन गरिनुपर्ने ।<br>• सबै स्वास्थ्य संस्थाहरुमा नागरिक वडा पत्र राखिनुपर्ने ।<br>• स्थानीय समुदायलाई बढीमात्रामा आवश्यक पर्ने जस्तै : मधुमेह, दम आदिका औषधीहरु क्रमश: नि:शुल्क गरिनु पर्ने । | |

३.७. **सार्वजनिक वहश कार्यक्रम/प्रारम्भिक प्रतिवेदन तयारी प्रस्तुति तथा छलफल :-**यस चरण तथा प्रक्रियामा नपाले सामाजिक जिम्मेवारी बहन गर्दा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरी बुँदागत रूपमा सामाजिक परीक्षण कार्यविधि,२०७९को अनुसूची ५, ६ र ७ अनुसार प्रारम्भिक प्रतिवेदन तयार गरिएको छ । यस प्रकार तयार प्रतिवेदन देहाय अनुसारको शीर्षकमा केन्द्रित गरी सार्वजनिक वहश कार्यक्रममा छलफलको लागि प्रस्तुत गरिएको थियो ।

- कार्यक्षेत्रको परिचय

- नगरपालिका को प्राथमिकता तथा लक्षहरू
- नगरपालिका गतवर्षको मुख्य मुख्य उपलब्धिहरू
- सरोकारपक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन विगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता
- आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरू
- आगामी दिनमा सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू

**३.८ प्रतिवेदन तयारी** :-सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन सार्वजनिक वहश कार्यक्रममा प्रस्तुत पश्चात छलफलमा उठेका सुझाव तथा निर्णयहरू र कार्ययोजना सहित कार्यविधिको **अनुसूची-९** अनुसार अन्तिम प्रतिवेदन तयारी र सार्वजनिक गरिएकोछ । प्रतिवेदनका विषयवस्तु निम्नानुसार प्रस्तुत गरिएकोछ ।

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि
- अध्ययनको सीमा
- बृहत छलफल कार्यक्रमको विवरण
- सामजिक परीक्षणवाट देखिएका सवल पक्षहरु
- सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमिकमजोरीहरु
- सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय निकायले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

**३.९ सामाजिक परीक्षणमा समावेश गराउनु पर्ने :-** ठाकुरबाबा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धी कार्यविधि, २०७९ को व्यवस्था अनुसार विषयगत शाखाहरू र नपाको वार्षिक कार्यक्रम/आयोजनामा समावेश भएका गैर सरकारी संस्थाहरूको हकमा नपाकै अभिन्न अंगको रूपमा सामाजिक परीक्षणमा सामाजिक जिम्मेवारीको लेखाजोखा तथा कार्यसम्पादनको मूल्याङ्कन गरिएको छ ।

**३.१० प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा सार्वजनिक वहश कार्यक्रमको तयारी :-**ठाकुरबाबा नगरपालिकाको सामाजिक परीक्षण कार्यविधिको **अनुसूची-६ र ७** अनुसारको प्रतिवेदन यस नगरपालिकाद्धारा आयोजित सार्वजनिक वहश/भेलामा प्रस्तुत गरिएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुति तथा सार्वजनिक वहश कार्यक्रम बारेमा तथा कार्यक्रममा उपस्थित हुन नगरपालिकाले प्रमुख सरोकारवालाहरू तथा वास्तविक उपभोक्ताका प्रतिनिधिहरू (वर्तमान पदाधिकारीहरू, नागरिक समाज, राजनैतिक दलहरू, जनप्रतिनिधिहरू, कर्मचारी, पिछडिएका वर्ग, वालबावालिका, महिला प्रतिनिधि, स्थानीय गैसस, टोल विकास संस्था, बुद्धिजीवीहरू आदि) सँग अन्तरक्रियाका लागि सार्वजनिक सूचनाद्धारा आह्वान गरिएएको थियो । सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रममा सहभागी हुन उपलब्ध सञ्चारका माध्यमहरूद्वारा सर्वसाधारण नागरिकलाई समेत आमन्त्रण गरिएको थियो ।

**३.११ सार्वजनिक वहश तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि** :-सार्वजनिक वहश तथा सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुति कार्यक्रम संचालन विधि तपसिल संचालन गरिएको थियो ।

- कार्यक्रमको प्रारम्भमा सहभागीहरूलाई कार्यक्रमको उद्देश्य, संचालन विधि, समय र आचारसंहिताबारे जानकारी प्रदान नगरिएको थियो ।
- सामाजिक परीक्षकबाट **अनुसूची-५** बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरिएको थियो ।
- प्रतिवेदन कार्यक्रममा विवरण प्रस्तुत भएपछि कार्यक्रमका सहभागीहरूको तर्फबाट निम्न प्रकारका प्रश्नहरू क्रमशः राखी खुला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया तथा सुझाव संकलन गरिएको थियो।
- प्रश्नहरु निम्न बमोजिम संकलन गरिएको थियो ।

**यस ठाकुरबाबा नपालेगरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव (सूचकको आधारमा)**

- गरेका विकास योजनाहरूमा जनसहभागिताको स्थिति ।
- समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू ।
- वालवालिका, महिला, दलित, जनजाति, गरिब, जेष्ठ नागरिक, तथा पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरूको प्रभावकारिता ।
- सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादन ।
- सामाजिक उत्तरदायित्व पूरा गर्न  वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरू ।

– सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुती कार्यक्रममा उठेका विषयवस्तुहरूको आधारमा सामाजिक परीक्षकले सारसंक्षेप तयारी गरी प्रतिवेदनमा समावेश गरिएकोछ ।

**३.१२ प्रतिवेदन सार्वजनिक तथा कार्यान्वयन :-** सामाजिक परीक्षकद्धारा सामाजिक परिक्षण प्रतिवेदन अनुसूची-९ अनुसार नगरपालिका प्रमुख समक्ष पेश गरिएकोछ । यस नपाले सो सामाजिक परीक्षण प्रतिवेदन नगर परिषद्मा पेश गरी मूख्य-मूख्य बुँदाहरूलाई (सकारात्मक तथा सुधारात्मक) विश्लेषण गरी सार्वजनिक गर्नेछ । सामजिक परीक्षण प्रतिवेदनले औंल्याएका कमी कमजोरीहरू भविष्यमा नदोहोरिने गरी सुधार गर्न नपाले नीतिगत निर्णय गर्नेछ ।

**४. सामाजिक परीक्षण सम्बन्धी अध्ययनको क्षेत्र र सिमा :-** प्रस्तुत सामाजिक परीक्षण कार्यका क्षेत्र र सिमा निम्नानुसार रहेका छन् ।

१. नपाले गरेका नीतिगत निर्णय र प्रक्रियागत सुधारले पुगेको प्रभावका बारेमा अध्ययन गरिएकोछ ।

२. नपाले गरेको विकास आयोजनामा जनसहभागिताको स्थितिको अध्ययन गरिएको छ । तर यसमा अन्य प्रकारका योजनामा जनसहभागिताको स्थिति अध्ययन गरिएको छैन ।

३. समयमा नपाले सेवा सुविधा दिन नसक्दा जनताले भोगेका समस्याको अध्ययन गरिएकोछ । तर यसमा नेपाल सरकार, प्रदेश सरकार र अन्य निकायले दिने प्रत्यक्ष सेवा समावेश गरिएको छैन ।

४. समय तथा श्रोत साधनको कमीका कारण सामाजिक परीक्षणको क्रममा अन्तरवार्ता, समूहगत छलफल, स्थलगत अवलोकन, अध्ययन तथा सर्वेक्षणमा गर्दा आवश्यक व्यक्ति, समूह र आयोजना तथा कार्यक्रमलाई व्यापक र सघन रुपमा अध्ययन तथा विश्लेषण गर्न सकिएको छैन र प्रतिनिधिमूलक रुपमा सामाजिक क्षेत्रका आयोजना तथा कार्यक्रम, सेवा प्रवाहमा विशेष जोड दिइएकोछ ।

**५.वृहत छलफल कार्यक्रमको विवरण** :- ठाकुरबाबा नगरपालिकाले आर्थिक वर्ष २०७८/०७९ को सामाजिक परिक्षण कार्यक्रम माघ ३० गते भित्र सम्पन्न गरेको छ । सामाजिक परिक्षण कार्यक्रम उत्पीडीत सामुदायिक विकास केन्द्र (OCDC-Banke) कोहलपुर, बाँकेको प्राविधिक सहयोगमा सम्पन्न सामाजिक परिक्षण कार्य ठाकुरबाबा नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्धन सम्बन्धी कार्यविधि, २०७९ अनुसूची ५ र ६ अनुसारको प्रतिवेदन यस नगरपालिकाद्धारा आयोजित सार्वजनिक छलफल कार्यक्रममा प्रस्तुत गरिएको थियो । प्राविधिक सहजिकरण गर्ने संस्था उत्पीडीत सामुदायिक विकास केन्द्र (OCDC-Banke) ले तयार पारेको प्रारम्भिक प्रतिबेदन माथि सरोकारवालाहरुबाट प्राप्त आवश्यक सल्लाह एबम् सुझावलाई समेटी यो प्रतिवेदन तयार गरिएको छ ।

**६.नगरपालिकाका विषयगत शाखा एवं गैसस सामाजिक उपलब्धी तथा कार्यसम्पादनको स्थिति विवरण :-** नगरपालिका एवं गैससले सामाजिक क्षोत्रमा गरेको योगदान (कार्यक्रम, प्रतिफल तथा उपलब्धीलाई सामाजिक परीक्षण कार्याविधि, २०७९ अनुसार उल्लेखित व्यवस्था, सामाजिक जिम्मेवारीका प्राथमिकताका क्षेत्र र ढाँचामा लेखाजोखा गरी कार्यविधि, २०७९को **अनुसूची ६ र ७** अनुसारको प्रतिवेदन तयार गरी प्रस्तुत गरिएको छ ।

**७. सामाजिक परीक्षणवाट देखिएका सवल पक्षहरु :-** सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुति र छलफलबाट प्रस्तुत सबल पक्षहरु तपसिल अनुसार प्रस्तुत गरिएकोछ ।

- शिक्षा कार्यक्रम कक्षा १०, ११ र १२ सम्म निःशुल्क शिक्षा तथा त्यस अर्न्तगत विषेश व्यवस्था गरिएको ।
- गुणस्तरीय शिक्षालाई अभियानकै रुपमा लिई Sectoral Plan (२०२१ देखि २०३० ) सम्म वनाई लागू गएिको ।
- कृषि कार्यक्रम अर्न्तगत धानको विउ उत्पादनमा नगरपालिका आत्मनिर्भर भएको ।
- नगर अस्पतालमा तत्काल आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरी संचालन गर्न खोजिएको ।
- सामाजिक जिम्मेवारीको क्षेत्रमा आ.व.२०७८/०७९ मा नगरपालिकाले समष्टिमा ८५.७७ प्रगति हासिल गरी नागरिकलाई सामाजिक सेवा उपलब्ध गराउन सफल भएको ।
- सामाजिक परीक्षण कार्यक्रमबाट सामाजिक क्षेत्रका प्राप्त प्रतिफल र उपलब्धी मापन गर्ने विधि, प्रक्रिया र केही तथ्याङ्कको आधार तयार भएको ।
- कार्यालयमा सोधेको कुरा राम्रोसँग जानकारी पाएको ।
- न.पा.बाट संचालन हुने योजना बारे स्पष्ट भएको ।
- न.पा.ले पाउनुपर्ने सबै नागरिकलाई बैंक मार्फत सामाजिक सुरक्षाभत्ता प्रदान गरेको ।
- कार्यालय व्यवस्थापन राम्रोसँग गरिएको छ । कार्यरत कर्मचारी मिलनसार छन् एवं सहयोगी रहेको,कार्यालयमा खानेपानी, शौचालय तथा सरसफाईको राम्रो व्यवस्था रहेको छ ।
- कार्यालय अपाङ्ग मैत्री संरचनामा आधारित भएर निर्माण भएको छ । यसमा-चाम लगायत लिफ्टको व्यवस्था गरीएको छ ।

– नगरपालिकाले सूचना अधिकारीको व्यस्था गरेको छ । सूचना अधिकारी मार्फत कार्यालयको आवश्यक सूचनाहरु प्राप्त हुने प्रबन्ध गरिएको छ ।

**८. सामजिक परीक्षणवाट देखिएका चुनौती तथा कमि कमजोरीहरु :-** सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुति र छलफलको दौरान देखिएका चूनौति तथा कमीकमजोरीहरु तल बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

– वार्षिक निती तथा कार्यक्रमले नगरका सवै वर्ग, समुदाय र क्षेत्रलाई अझैं पनि समेटन नसकेको ।
– नगरपालिकाकाक्षेत्रमा रहेका अन्य संरचनाहरु पनि लैससास मैत्री हुन नसकेको ।
– नगरपालिकाले नगरक्षेत्रमा विद्यार्थी भर्ना अभियान, निःशुल्क र गुणस्तरीय शिक्षालाई अभियानकै रुपमा अगाडी बढाएको भएतापनि सडक वालवालिका, संरक्षक नभएका वालवालिका, लागु औषधी दुर्व्यसनीका साथै मोवाईल आदिको प्रयोगले नगर क्षेत्रमा अझैं पनि वालविवाहमा पूर्ण रुपमा रोकथाम हुन नसकेको ।
– नगरपालिका क्षेत्रमा लागु औषधी दुर्व्यसनी बढदैजानु र यसलाई व्यवस्थापन गर्न चुनौतीकै रुपमा रहेको ।
– महिला, अल्पसंख्यक तथा दलित समुदायबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधीको क्षमता विकासमा खासै ध्यान नदिएको ।
– सामाजिक उपलब्धीलाई पुष्ट्याई गर्ने तथ्याङ्कीय आधार, अध्ययन र सर्वेक्षणमा कमी रहेको ।
– लक्षित वर्ग, समुदाय र सामाजिक क्षेत्रमा प्रत्यक्ष प्रभाव पार्ने, खानेपानी तथा सरसफाईको क्षेत्रमा नगरको कार्यक्रम, लगानी र उपलब्धी कम भएको ।
– नगरमा प्रयाप्त मात्रामा कर्मचारी अभाव रहेको ।
– लक्षित वर्गका विपन्न धरधुरी तथा परिवारलाई समेट्न नसकेको ।
– आर्थिक रुपमा सम्पन्न भएता पनि सामाजिक, साँस्कृति तथा मानविय रुपमा कमजोर वर्गको आवश्यकतालाई समेत सम्बोधन गर्ने गरी लक्षित कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन हुन नसकेको ।

**९.सामाजिक जिम्मेवारी पुरा गर्न नगरपालिकाले चाल्नुपर्ने कदमहरु वा सुझावहरु :-** सामाजिक परीक्षण कार्यक्रम अन्तर्गत दस्तावेजहरुको अध्ययन, स्थलगत अवलोकन तथा सर्वेक्षण, अन्तरवार्ता, अन्तरक्रिया, अभिमत संलकन, समूहगत छलफल, सार्वजनिक वहश, प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको आगामी दिनमा चाल्नु पर्ने कदम तथा आएका सुझावहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

– वडा स्तरमा समेत स्तनपान कक्ष निमार्ण गरिनु पर्ने र स्वास्थ्य संस्थाहरुको समेत सामाजिक परिक्षण गरिनुपर्ने ।
– सबै स्वास्थ्य संस्थाहरुमा नागरिक वडा पत्र राखिनु पर्ने ।
– स्थानीय समुदायलाई बढी आवश्यकपर्ने औषधीहरु खरिद गरी निःशुल्क वितरण गरिनुपर्ने ।
– योजना कार्यान्वयनमा महिलाहरुको सहभागिता कम भएकाले उपभोक्ता समिति, टोल विकास संस्था र अन्य विकासका योजना तथा कार्यक्रममा महिला सहभागीता बढाउनु पर्ने ।
– नागरिक वडा पत्रमा पशु सेवा शाखा, कृषि विकास शाखा लगायत अन्य विषयगत शाखाहरुबाट प्रदान गरिने सेवाहरु पनि संलग्न गराउनु पर्ने ।
– नगरपालिका, विषयगत शाखा र वडा कार्यालयमा सुचना प्रणली व्यवस्थापन गर्नुपर्ने ।
– स्वास्थ्य कार्यक्रम अर्न्तगत प्रर्याप्त मात्रामा उपकरण र औषधीको व्यवस्था गर्नुपर्ने ।
– व्यवहार परिवर्तन र कुसंस्कारहरु हटाउन जनप्रतिनिधीहरुले अभियानात्मक कार्यक्रमहरु वडा स्तर तथा टोल स्तरमा संचालन गरिनु पर्ने ।
– लक्षित वर्गको बजेट नियम अनुसार वितरण गर्नुपर्ने ।
– नगरपालिकाले सबै वडा कार्यालयहरुमा नागरिक वडापत्र र उजुरी पेटिकाको समेत व्यवस्था गर्नुपर्ने ।
– नगरपालिकाको आन्तरिक श्रोतमा वृद्धिका लागि योजना तर्जूमा गरी कार्यान्वयन गर्नुपर्ने ।
– न.पा.वाट संचालित योजनाहरुको कार्यविधि अनुसार सार्वजनिक परिक्षण गरी प्रतिवेदन पेश गरे नगरेको प्रभावकारी अनुगमन गर्नुपर्ने ।

# अनुसूचीहरु

## अनुसूची-५

**(दफा १७ को उपदफा (३) सँग सम्बन्धित)**

ठाकुरबाबा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सैनावर,बर्दिया
(लुम्बिनी प्रदेश, नेपाल)

**१. परिचय नगरपालिकाको संक्षिप्त परिचय :** लुम्विनी प्रदेश अर्न्तगत वर्दिया जिल्लाको साविकको वगनाहा , नेउलापुर, शिवपुर र ठाकुरद्धारा गाउँ विकास समितिलाई गाभेर ठाकुरद्धारामा रहेको ठाकुरबाबा मन्दिरको नामबाट यस ठाकुरबाबा नगरपालिकाको स्थापना वि.स २०७३ साल फाल्गुन २७ मा भएको हो । संघीय प्रणाली अनुसार यो नगरपालिका संसदीय निर्वाचन क्षेत्र नं.२ र प्रदेश सभा निर्वाचन क्षेत्रको आधारमा २ (क) पर्दछ । भौगोलिक हिसावले यस ठाकुरबाबा नगरपालिकाको पूर्वमा, पश्चिम र उत्तरमा वर्दिया राष्ट्रिय निकुन्ज तथा दक्षिणमा मधुवन नगरपालिका र राजापुर नगरपालिका पर्दछ ।

**२. ठाकुरबाबा नगरपालिकाको लक्ष तथा प्राथमिकताहरु :**

- शिक्षा स्वास्थयलाई उच्च प्राथमिकता दिदै यी क्षेत्रशरुमा आम नागरीकको पहुँच बढाउदै गुणस्तरीय सेवा उपलव्ध गराउने ।
- उत्पादन र रोजगारीको अवसर श्रृजना गरी नगरलाई आधारभूत खाद्य र पशुजन्य तथा मसलाजन्य बालीको बजारीकरणा सहयोग गरी आयात प्रतिस्थापना र निर्यात प्रवर्धन गर्ने ।
- सन्चालित बडा तथा नगरस्तीय गौरवका आयोजनालाई पहिलो चौमासिक भित्र सम्पन्न गरी प्रस्तावित गौरवका आयोजनाको निर्माण प्रक्रिका आयोजनालाई निर्धारित समयमा नै सम्पन्न गर्ने ।
- आधारभूत भौतिक पूर्वाधारको विकास र विस्तार तथा समाजिक जागरणका माध्यमबाट पिछडीएको क्षेत्रको आर्थिक सामाजिक रुपान्तरण गर्ने ।
- बजेट कार्यान्वयमा सुधार र सुशासन प्रत्याभूत गर्ने ।

**क. लक्षहरु : पाँच बर्षे लक्ष्य** : **"समुन्नत ठाकुरवावा, सवल नगरवासी"** यसै अनुरुप आर्थिक, सामाजिक, सांस्कृतिक विकासका लक्ष्य लिई सार्वजनिक सेवा तथा वस्तुमा आमनागरिक, सेवाग्राही तथा लक्षित वर्ग र क्षेत्रको पहुँच र अवसरमा बृद्धि गरी नगरवासीको जीवनस्तरमा गुणात्मक बृद्धि गर्ने ।

**३. प्राथमिकताहरु :**

**क. पूर्वाधार तथा संरचना विकास**

१. क्रमागत योजनालाई प्राथमिकतामा राखी सम्पन्न गर्ने, एक आर्थिक बर्ष भित्रै योजना सम्पन्न गर्ने ।

२. अधिकतम् जनसहभागिता हुने योजनालाई प्राथमिकता, ५०/५० लागत साझेदारीको अवधारणा कार्यान्वयन गर्ने ।

३. पाँचलाख भन्दा बढीका आयोजनामा अनिवार्य सुचना बोर्ड राख्ने व्यवस्था गर्ने ।

४. मापदण्ड लाई पालना गरी सडक मापदण्ड, विकास कार्यको प्रभावकारिता, नयाँ योजनाको पहिचान, भवन मापदण्ड, सार्वजनिक जग्गा अतिक्रमणको अनुगमन गरी कारवाही सिफारिस गर्न सर्वदलीय संयन्त्र निर्माण गरी कार्ययोजना बनाउने ।

५. निर्माण व्यवसायीलाई नगरपालिकाको दायरामा ल्याउने, भवन आचार संहितालाई कडाईका साथ लागू गर्ने ।

६.वन्य जन्तुबाट हुने हानी नाक्सानी तथा क्षतीराई रोक्न तारवार तथा अन्य पूवार्धारलाई प्राथमिकतामा राखिने छ ।

**ख.सामाजिक विकास :**

**१.शिक्षा,युवा तथा खेलकुद :- "मानव संसाधन विकास तथा अभिवृद्धि नगरको अभियान, गुणस्तरीय एवं जीवनपयोगी शिक्षा ठाकुरबाबाको पहिचान"** भन्ने लक्ष्य लिई निःशुल्क शिक्षा लाई अभियानको रुपमा लैजाने, सबै बालबालिकालाई

साधारण तथा प्राविधिक शिक्षाका लागी विद्यालय पहुँच कार्यक्रम विस्तार गर्ने, गुणस्तरीय शिक्षाका लागी शिक्षक तथा कर्मचारी, समाग्री व्यवस्थापन र भौतीक पूर्वाधार सवलीकरण गर्ने, अनौपचारीक शिक्षाका अवसरबाट बन्चित समूहलाई अनौपचारीक शिक्षा, विषेश र खुल्ला शिक्षाका अवसरहरु प्रदान गर्ने ।

**२. स्वस्थ्य :-**

१.मातृशिसु स्वास्थ्य क्लिनिक र नगर स्वास्थ्य केन्द्रलाई बजेटको व्यवस्था गर्ने ।

२. स्वास्थ्य क्षेत्रको दीगो श्रोत व्यवस्थापनको लागि पहल गर्ने

**ग. कृषि,वन तथा वातारण विकास :**

१. कृषि जन्य बजारलाई व्यवस्थित गर्ने ।

२. पशु बधशाला निर्माण प्रक्रिया अघि बढाउनको लागी निर्देशिका बनाउने ।

३. नगरलाई धानवालिको विउ उत्पादनमा आत्मनिर्भर बनाउने ।

४. हरियाली प्रवर्द्धन कार्यक्रममा जोड दिने ।

५. फोहोरमैलाको श्रोतमै व्यवस्थापन गर्न कार्यविधि निर्माण गर्ने ।

६. सार्वजनिक शौचालय निर्माणको लागि काम शुरु गर्ने ।

७. फुटपाथ व्यवसायलाई व्यवस्थित गर्ने ।

**घ. सुशासन तथा सेवा प्रवाह :**

१. नगरपालिकाको संगठनको विस्तार र व्यवस्थापनमा जोड दिईने ।

२.कार्यालयभित्र हुने ढिला सुस्ती, अनियमितता तथा सार्वजनिक रकमको हिनामिना रोक्न शुन्य सहनशीलताको नीति अवलम्बन गर्ने ।

३. नागरिकको गुनासो सुन्न टोल फ्रि नम्बर र गुनासो सुनुवाई संयन्त्रको व्यवस्थापन गर्ने ।

४. कर्मचारी तथा जनप्रतिनिधीको आचारसंहिता निर्माण गरी सो को पूर्ण पालनाका लागि प्रतिवद्धता सार्वजनिक गर्ने ।

**ङ राजश्व सम्बन्धी :**

१. कर सहभागिता तथा सचेतना बर्षको रुपमा अभियान सञ्चालन गर्ने ।

२ राजस्व संभाव्यता अध्ययन तथा प्रक्षेपण गरी आन्तरिक आयलाई व्यवस्थित एवं यर्थाथपरक बनाउने ।

३. स्थानीय कर, दस्तुर, शुल्क मुल्याङ्कनलाई बैज्ञानिक र ब्यवहारिक बनाउने ।

४. ठूला करदातालाई करको दायरामा ल्याउने ।

५. व्यवसाय कर संकलनको लागि कार्यायोजना निर्माण गरी कार्यान्वयन गर्ने ।

६. पार्किङ्ग शुल्क, सवारी कर, विज्ञापन कर आदिलाई व्यवस्थित गर्ने ।

७. मेला तथा महोत्सवहरुलाई नगरपालिकाको करको दायरामा ल्याउने ।

८. नगरपालिका क्षेत्रमा रहेका प्राकृतिक सम्पदाहरुलाई नगरपालिकाको दायरामा ल्याउने ।

**च. विविध :** नगरपालिकाले निर्माण गरेका ऐन, नियम, नियमावली, कार्यविधि र मापदण्डको कडाइका साथ कार्यान्वयन गर्ने ।

**४. गत वर्षको मुख्य-मुख्य उपलब्धिहरू :** ठाकुरबाबा नगरपालिकाले आ.व.२०७८/०७९ मा क्षेत्रगत रुपमा देहाय बमोजिमको मुख्य-मुख्य काम तथा उपलब्धि हासिल गरेको छ ।

**१.पूर्वाधार विकास :**

- नयाँ बाटो निर्माण ७०० मिटर, सडक स्तरोन्नती तथा ग्राभेल १७ कि.मि., कालोपत्रे ४३५० मिटर, कर्ल्भट निर्माण ३ वटा, ह्युमपाईप जडान ५०० स्थानमा, बक्स ब्रिज, मोटरेबल पुल र झोलुङ्गे पुल निर्माण १ सम्पन्न गरी सार्वजनिक आवागमनमा सहजता पैंदा भएको ।
- खानेपानी लाईन विस्तार ३७ कि.मि.भई स्वच्छ खानेपानीको पहुँच विस्तार भएको ।
- नगरपालिकाको प्रशासकिय भवन निर्माण भई सबैलाई सेवा प्राप्तीमा सहजता भएको ।

- मानव वन्यजन्तु द्वन्द व्यवस्थापनका लागि लुम्बिनी प्रदेश सरकारसँगको साझेदारीमा ६ कि.मि.पर्खाल निर्माण र ४ कि.मि. आफ्नै स्रोतमा मेसजालीको निर्माण गरी जनताको जिऊधन, वालीनाली र पशु चौपायाको संरक्षण भएको ।
- ९३२ मिटर सिंचाई कुलो निर्माण भई कृषिको उत्पादनमा बृद्धि र किसानहरु प्रत्यक्ष रुपमा लाभान्वित भएको ।

## २. सामाजिक विकास :

- ६ वटा विद्यालमा ११ कक्षा कोठाको निर्माण, ५ वटा विद्यालय शौचालय निर्माण, २ वटा पुस्तकालय निर्माण, सबै विद्यालयमा नेट जडान, विद्यालय बस सहयोग, विद्यालयमा सूचना प्रविधि सम्बन्धी (ICT) सामग्रीको वितरण, शिक्षकहरुलाई क्षमता विकास सम्बन्धी तालिम लगायतका कार्य गरी उपयुक्त शैक्षिक वातावरण निर्माण र सार्वजनिक शिक्षामा गुणस्तर बृद्धि भएको ।
- सामुदायिक विद्यालयमा विधार्थीहरुको भर्ना दर बढेको र विचैमा विद्यालय छोड्ने दरमा (School dropout) कमी आएको छ ।
- नगरवासीलाई आधारभूत तथा विशिष्टकृत (आईसियु बेड ४ वटा, जनरल बेड २३ वटा, सिकलसेल एनिमिया ल्याब, ल्याब सेवा, सर्पदंश उपचार केन्द्र आदि) सेवाको पहुँच प्राप्ती र विस्तार भएको छ ।
- पूर्ण खोप युक्त नगरपालिका, महिलाहरुलाई पाठेघरको मुखको क्यान्सर परिक्षण शिबिर, जेष्ठ नागरिक स्वास्थ्य शिबिर, गाउँघर क्लिनिकको विस्तार, ५ वर्ष भन्दा मुनीका बालबालिकाको पोषण स्क्रिनिङ्ग शिबिर, आमा सुरक्षा कार्यक्रम, सुत्केरी तथा गर्भवती महिलाहरुलाई पोषणयुक्त खाना वितरण कार्यक्रमबाट मातृ तथा बालमृत्यु दरमा उल्लेखनिय कमी र अन्य संक्रामक रोग, सर्पदंशबाट हुने मृत्यु एवं दीर्घरोगबाट महिला, बालबालिका र जेष्ठ नागरिकको स्वास्थ्य रक्षा भएको छ ।
- नगरबासीलाई सर्बशुलभ स्वास्थ्य सेवा प्राप्त भई आर्थिक रुपमा भार एवं मानसिक तनाब कम भएको छ ।
- नगरपालिकाले बालबालिकाको उत्थान र बिकासका लागि प्लान ईन्टरनेशनल नेपालसँगको साझेदारीमा बालबालिकाको सपना परियोजना संचालन गरिरहेको छ । जसबाट बालबालिकाको चौतर्फी बिकासमा टेवा पुगेको छ ।
- लक्षित वर्गको उत्थान र विकासका लागि क्षमता विकासका कार्यक्रम, अपाङ्ग नागरिकलाई सहायता सामग्री वितरण एवं खरका छाना विस्तापन र टिनका छाना सहयोग कार्यक्रम संचालन गरी यि वर्गको सशक्तिकरण तथा विकासमा सहयोग पुगेको छ ।
- महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक तथा दलित समुदाय माथि हुने लैङ्गिग, जातीय एवं अन्य विभेदमा क्रमशः कमी आएको ।
- धार्मिक एवं पुरा तात्विक क्षेत्रको पहिचान, जिर्णोद्धार, संरक्षण र प्रचार-प्रचार गरी सबै धर्म र सम्प्रदायको समानुपातिक विकासमा टेवा पुगेको ।

## ३. आर्थिक विकास :

- ठाकुबाबा नगरपालिका धानको बिउमा आत्मनिर्भर भएको । खाधान्न बालीमा धान, गहुँ र मकैमा आत्मनिर्भर रहेको ।
- किसानले घरदैलोमा नै प्राविधिक सेवा, कृषि यान्त्रीकरण, उपचार सेवा, नश्ल सुधार, आधुनिक घोर निर्माण सहयोग, आधुनिक प्रविधि, तालिम, अवलोकन भ्रमण लगायतका सेवा र सुविधा प्राप्त गरी कृषि र पशुपन्छीको उत्पादन र उत्पादकत्व बृद्धि भएको छ ।
- सहकारीको क्षमता विकास र सहकारी मार्फत उद्यमशिलता विकास गर्न रु.१ करोड २० लाखको **स्वरोजगार तथा साना व्यवसायी घुम्ती कोष** स्थापना गरी ४ प्रतिशतमा ब्याँजमा ऋण उपलब्ध गराएको र जसबाट साना व्यवसायी र उद्यमीहरुले प्रत्यक्ष रुपमा लाभ पाएका छन् ।
- पर्यटकको प्रमुख गनतब्य स्थल ठाकुबाबा नगरपालिका भएको हुँदा यस नगरपालिकाले प्रमुख पर्यटन स्थलको सूचना सम्प्रेषण एवं सरोकारवाला पक्षहरुसँग निरन्तर सहकार्य र साझेदारीमा विभिन्न पर्यटन विकास सम्बन्धी गतिविधिहरु र कोशेली घरको निर्माण एवं संचालन गरी पर्यटकको आगमनमा बृद्धि र स्थानीय रोजगारी सिर्जना भएको छ ।

## ४. संस्थागत विकास तथा सुशासन :

- सबै वडामा वडा कार्यालयको स्थापना भई सोही वडाबाट सेवा प्रवाह भई रहेकोछ ।
- नगरपालिकालाई आवश्यक ५८ वटा ऐन, नियमावली, नीति, निर्देशिका, कार्यविधि र मापदण्ड निर्माण भई नीतिगत एवं कानूनी रुपमा नगरपालिका संचान भएको र नगरवासीलाई सहज सेवा प्रदान भएको ।
- नगरपालिकामा सबै विषयगत शाखा, उपशाखाहरुको व्यवसथापन गरी एकिकृत सेवा प्रवाह गरिएको छ ।
- नगरपालिकाले नियमित रुपमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, योजनाहरुको सार्वजनिक परिक्षण, वेवसाईटबाट कार्यालयसँग सम्बन्धित सम्पूर्ण सूचनाहरुको प्रकाशन गरी सुशासन र पारदर्शिता कायम गरेको छ ।
- नगरपालिकामा आवश्यक पर्ने कर्मचारीहरुको व्यवस्थापन, बृत्ति विकास लगायतका कामहरु गरी सेवा प्रवाहलाई सर्वसुलभ बनाएको छ ।

## ५. वातावरण तथा विपद् व्यवस्थापन :

- सबै वडामा विपद् व्यवस्थापन समिति, नगर स्तरीय विपद् व्यवस्थापन समिति र विपद् व्यवस्थापन कोषको स्थापना गरी प्रकोप तथा विपद्बाट प्रभावित परिवारलाई राहत, पुर्नस्थापना तथा उद्धारको कार्य गरिरहेको ।
- जोखियुक्त स्थानमा तटबन्धन, जैविक तटबन्धन, बृक्षारोपण, सरसफाई कार्यक्रम आदि गरी वातावरण संरक्षण र विपद् जोखिम न्युनिकरण गरिएको ।
- फोहरमैलाको संकलन, वर्गीकरण र व्यवस्थापनका लागि सार्वजनिक नीजि साझेदारी कार्यक्रम अगाडी बढाउन आवश्यक नीतिगत निर्णय गरिएको ।

## ५. यस वर्षको मुख्य-मुख्य उपलब्धिहरू (सूचकको रूपमा प्रस्तुत गर्ने)

| मुख्य उपलब्धि | सूचक सहितको विवरण |
|---|---|
| **१.पारदर्शिता तथा जवाफदेहिता** | • नागरिक बडापत्रको व्यवस्था गएिको ।<br>• चौमासिक रुपमा सार्वजनिक सुनुवाई र बार्षिक रुपमा सामाजिक परीक्षणको व्यवस्था ।<br>• सवै योजनाहरु उपभोक्ता समिति मार्फत सम्झौता गरी संचालन भएको ।<br>• आयोजनाको आय-व्यय विवरण सार्वजनिक, पत्रिकामा प्रकाशन अनिवार्य, योजना खाताको प्रयोग गरिएको ।<br>• नगर स्तरिय अनुगमन समितिबाट सबै योजनाको अनुगमन र अनुगमन प्रतिवेदन प्राप्त भएपछि मात्र योजनाको भुक्तानी दिने व्यवस्था गरेको ।<br>• उपभोक्ता समिति तथा योजना कार्यान्वयनकर्ताले सबै योजनाको सार्वजनिक परीक्षण अनिवार्य रुपमा गर्नुपर्ने व्यवस्था गरिएको ।<br>• गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी लगायत आयोजना स्थलमा सूचना पाटीको व्यवस्था भएको । |
| **२.स्वास्थ्य** | • नेउलापुर स्वास्थ्य केन्द्रमा एम.वि.बि.एस डाक्टरसहित सेवा संचालन गरी रहेकोमा नगर अस्पताल निर्माण भई संचालनमा आएको ।<br>• महिलाहरुको पाठेघर तथा स्तन क्यान्सरबाट हुने मृत्यु सम्बन्धी जोखिमलाई न्युनिकरणगर्न सवै वडामा शुशिल कोईराला मेमोरियल अस्पताल खजुरासँग समन्वय गरी स्वास्थ्य शिविर संचालनमा ल्याएको । |
| **३. शिक्षा सेवा** | • ICT मैत्री विधालय भएको ।<br>• निःशुल्क शिक्षा १० सम्म गरेको यसलाई बढाउदै जाने निती लिएको ।<br>• संघिय सरकारबाट जारी गरेका सेनेटरी प्याड, दिवा खाजा, छात्रवृत्ति लगायतका कार्यक्रम प्रभावकारी रुपमा संचालनमा ल्याएको । |
| **४. कानुन, निती** | • नगरपालिकामा आवश्यक ऐन, कानून, नियमावली र कार्यविधिहरु बनेका छन् । |

| | |
|---|---|
| **निर्माण र प्रतिवद्धता** | • अपाङ्ग, मैत्री बालमैत्री, लैंगिकमैत्री शौचालय निर्माण भएको र पुर्ण रुपमा संचालन भएको । |
| **५. कृषि तथा वातावरण** | • कृषिमा आत्मनिर्भर हुने नीति अनुरुप खाद्यान्न बालिमा विउ उत्पादन तर्फ सफल भएको ।<br>• धान, गहु, मसुरो अन्य दलहन बालीको विउ उत्पादनमा सफल, सहकारीलाई सहुलियत दिई विउ विक्री गरेको ।<br>• कार्यक्रममा ८० प्रतिशत महिला, ६५ प्रशित जनजाती र ५ प्रतिशत दलितमा लक्षित गरेको ।<br>• कृषि पाठशाला कार्यक्रममा प्राविधीक सेवा प्रभाकारी भएको । |
| **६. वातावरण संरक्षण, शहरी क्षेत्र र विपद् व्यवस्थापन** | • दमकलको व्यवस्था भएको ।<br>• वधशालाको व्यवस्थित निर्माण नभएता पनि मासु पसलको लागी निश्चित स्थान तोकिएकाले त्यसलाई कार्यान्वयन गराउन पहल गर्नं पर्ने देखिन्छ ।<br>• नगरपालिकामा विपद् व्यवस्थापन नीति, कार्यविधि तथा विपद् व्यवस्थापन समितिहरु निर्माण भई क्रियाशिल रहेको छ ।<br>• नगरक्षेत्रमा हुने कुनै पनि विपद् तथा प्रकोपहरुको नियन्त्रण, खोज, उद्धार, राहत तथा पुर्नस्थापना र विपद् प्रतिकार्य सम्बन्धी कामहरु गर्न नगरपालिकाले सबै सरोकारवाला पक्षहरुको सहकार्यमा काम गरिरहेको । |
| **७. जलश्रोत** | • सामुदायिक खानेपानीको व्यवस्था भएको ।<br>• नगरपालिकामा जनसम्पदाको संरक्षण र खानेपानीको श्रोतमा प्रर्दुषण हुन नदिन नगरपालिकाले सार्वजनिक सूचना एवं सचेतनाका कामहरु गरेको । |
| **८. फुटपाथ व्यवस्थापन** | • नगरक्षेत्रमा व्यवस्थित सहरीकरण र फुटपाथ व्यवस्थापन कार्यलाई अधि बढाउन आवश्यक देखिन्छ । |
| **९.जनसहभगिता** | • ८५ - १५ प्रतिशत योजनामा जनसहभागिता भएको ।<br>• केहि स्थान मा भने ६०-४०जनसहभागिता अवधारणा पनि कार्यान्वयन ।<br>• मागमा आधारित योजनाको कार्यान्वयन शुरुवात |
| **१०.विपद व्यवस्थापन** | • आकश्मिक वाढी, आगलागी, डुबान तथा कटान लगायतका प्राकृतिका प्रकोपका लागि विपद् व्यवस्थापन कोषको व्यवस्था भएको ।<br>• कोभिड १९, डेगु, जापनिज ईन्सफ्लाईक्सि, स्क्रब टाईफस, सर्पको टोकाई, कुकुरको टोकाई, जंगली जनावरको आक्रमण, शित लहर नियन्त्रणका लागि पनि नगरपालिकाले विशेष ध्यान दिएर योजना तर्जूमा गरिएको ।<br>• पालिका र वडा स्तरमा विपद् व्यवस्थापन समिति सबै सरोकारवालाहरुको सहभागितामा गठन भई क्रियाशिल रहेको ।<br>• नगरपालिकामा विपद्जन्य प्रकोप भएमा तत्काल खोज, उद्धार र पुर्नस्थापनाका लागि न्युनतम उपकरण र सामग्रीहरुको भण्डारण भएको छ । |
| **११.आन्तरिक श्रोत वृद्धि** | • एकिकृत सम्पति कर लगायत अन्य आम्दानी बृद्धिका लागि संभाव्यता अध्ययन भई राजश्व सुधार कार्ययोजना निर्माणको चरणमा रहेको ।<br>• नगरपालिकाको आन्तरिक आयलाई नगरपालिकाले छुट्टै राजश्व उपशाखाको स्थापना गरी सोही शाखा मार्फत आन्तरिक आयलाई व्यवस्थित गरिएको छ ।<br>• आन्तरिक आयलाई नगरपालिका र सबै वडाबाट Software मार्फत संकलन एवं पूर्णतया बैंकिङ्ग प्रणालीमा आवद्ध गरिएको छ ।<br>• आन्तरिक बृद्धिका लागि नयाँ श्रोतहरुको पहिचान र राजश्य परिचालनमा विशेष ध्यान दिएको । |

| | |
|---|---|
| **१२. राष्ट्रिय /अन्र्तराष्ट्रिय सम्बन्ध** | • Plan International Nepal सँगको साझेदारीमा "**बालबालिकाको सपना परियोजना"** सबै वडाहरुमा संचालन भएको ।<br>• व्याँस नगरपालिका तनहुँसंग मितेरी सम्बन्ध कायम गरिएको । |
| **१३. सार्वजनिक सम्पत्तिको संरक्षण** | • नगरक्षेत्रमा रहेका सबै सार्वजनिक स्थल, पाटीपौवा, मठमन्दिर, चर्च, पुरातात्विक संम्पदा, धार्मिक स्थल, तालतलैया, सिमसारक्षेत्र, मरुवा, भ्युटावर, पिकनिक पार्क, संग्राहलय, शहिद स्मृति भवन, मलामी विश्राम स्थल र जग्गाहरुको लगत संकलन एवं संरक्षण, स्तरोन्नती र जिर्णोद्धवार भएको छ ।<br>• नयाँ निर्माण हुने र निर्माणको चरणमा रहेका सबै सार्वजनिक सम्पदाहरुको तथ्याङ्क नियमित रुपमा अध्यावधिक गर्दै जानुपर्ने । |
| **१४. पेश्की** | • विगतमा वर्षहरुमा फछ्र्योट नुन बाँकी रहेका पेश्कीलाई फछ्र्योट गर्ने कार्य गरिएको छ ।<br>• कर्मचारी तथा निर्माण व्यवसायीलाई प्रदान गरिएको पेश्किलाई सोही आ.व.मा नै फछ्र्योट गर्नुपर्ने नीतिगत व्यवस्था गरिएको छ ।<br>• पेश्की दिने प्रचलनको पूर्णतया अन्त्य, उपभोक्ता समितिलाई पेश्की नदिने र निर्माण व्यवसायीलाई प्रदान गरिएको पेश्कि प्रत्येक रनिङ्ग विलको भुक्तानी गर्दा Installment Basis मा कट्टा गरी भुक्तानी दिने नितिगत व्यवस्था गरिएको । |
| **१५.प्रशासनिक तथा सांगठनिक सुधार** | • आ.व.२०७८/०७९ को स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकन (LISA) को नतिजामा यस नगरपालिकाले ६३ प्रतिशत अंक प्राप्त गरेको छ ।<br>• अन्तरिक चिठीपत्र दर्ता<br>• चिठी पत्र चलानी विभाग<br>• मुल चलानी<br>• आर्थिक प्रशासन शाखा<br>• पूर्वाधार तथा वस्ती विकास शाखा<br>• मूल भण्डार र संस्थागत क्षमता तथा सुशासन शाखा<br>• आर्थिक विकास शाखा<br>• शिक्षा, युवा तथा खेलकुद विकास शाखा<br>• सूचना तथा प्रविधि शाखा<br>• कृषि विकास शाखा<br>• पशुपंक्षी तथा मत्स्य विकास शाखा<br>• प्रशासन, अनुगमन तथा योजना उपशाखा<br>• राजश्व उपशाखा, सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा<br>• महिला, बालबालिका तथा समाज कल्याण उपशाखा<br>• रोजगार सेवा केन्द्र<br>• भू-सेवा केन्द्र<br>• न्यायीक समिति<br>• व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सुदृढीकरण आयोजना |
| **१६.सार्वजनिक निजी साझेदारी** | • नगरपालिकालाई दीगो प्रतिफल प्राप्त हुने र फोहरमैला व्यवस्थापन लगायतका अन्य आयोजानहरु संचालन गर्न साझेदारीका क्षेत्रहरुको पहिंचान एवं सार्वजनिक निजी साझेदारी कार्यविधि तर्जुमा गरी कार्यान्वयनको चरणमा लैजानुपर्ने । |

| | |
|---|---|
| **१७. भूमि व्यवस्था** | • नगरपालिका क्षेत्रमा बर्षौ देखि बसोबास गर्दै आईरहेका ३८० घरधुरी भूमिहिन दलित, ४०१ घरधुरी भूमिहिन सुकुम्बासी र ३०८३ घरघुरी अव्यवस्थित सुकुम्वासी गरी जम्मा ३८६४ घरधुरीको लगत संकलन भएको ।<br>• लगत संकलन भएका परिवारलाई जग्गा धनी प्रमाण पूर्जा (लालपुर्जा) वितरण कार्यका लागि राष्ट्रिय भूमी आयोगसँग द्धिपक्षीय सम्झौता भएको ।<br>• लगत संकलन भएका परिवारले हकभोग गर्दै आएको जग्गाको नापनक्शाको कार्य अगाडी बढाउनुपर्ने । |
| **१८.चौपाय नियन्त्रण तथा व्यवस्थापन** | • ठाकुरबाबा नगरक्षेत्र भित्र छाडा रुपमा छाडिएका पशु चौपायाहरुलाई नियन्त्रण तथा दीगो व्यवसथापनका लागि नगरपालिकाले वडा नं.३, ६ र ९ मा गौशाला निर्माण गरी संचालनमा ल्याएको छ ।<br>• यो समस्या समाधानका लागि नगरक्षेत्रमा रहेको पशुचौपायाहरुको अभिलेखीकरण र ट्यागिङको व्यवस्था गर्नुपर्ने । |
| **१९.मापदण्ड कार्यान्वयन** | • नगरक्षेत्रमा निर्माण गरिने सार्वजनिक तथा निजी भवनको नक्शापासका लागि बस्ती विकास, सहरी योजना भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड, २०७२ ले व्यवस्था गरेबमोजिमको मापदण्ड पुर्ण रुपमा लागु भएको । |
| **२०. कालो सूची** | • हाल सम्म कसैलाई कालोसूचीमा नराखिएको ।<br>• नगरपालिकाबाट काम लिई समयमा पुरा नगर्ने निर्माण व्यवसायी र अन्य सेवा प्रदायक निकायलाई कालोसूचीमा राख्नुपर्ने । |
| **२१.जनसहभगिता** | • नगरपालिकाले भवन निर्माण तथा अन्य भौतिक पूर्वाधार निर्माण कार्यमा १० प्रतिशत र सडक ग्राभेल योजनामा १५ प्रतिशत लागत सहभागिता भएको ।<br>• पूर्वाधार निर्माण आयोजनामा सम्बन्धित लाभग्राही/उपभोगताको बढी लागत हुने लागत साझेदारी कार्यक्रम समेत कार्यान्वयनमा ल्याउनुपर्ने । |
| **२२. शहरी क्षेत्र व्यवस्थापन** | • नगर उपप्रमुखज्यूको अध्यक्षतामा उपभोगता हित संरक्षण समिति गठन भई नियमित रुस्पमा उपभोगता हित संरक्षण र उपभोगता अधिकारको बारेमा विभिन्न जनचेतनामूलक कार्यक्रम भएको ।<br>• नगरपालिकाले सबै सरोकारवालाहरुको सहभागितामा बजार अनुगमन टोली बनाई नियमित रुपमा बजार अनुगमनको कार्य गरेको ।<br>• वधशालाको व्यवस्थित निर्माण नभएता पनि मासु पसलको लागी निश्चित स्थान तोकिएकाले त्यसलाई कार्यान्वयन गराउन पहल गर्न पर्ने देखिन्छ । |

## ६. लक्षित वर्ग कार्यक्रमको लागी सुझावहरु :

- लक्षीत वर्ग विशेषत महिला, अपाङ्ग, जेष्ठ नागरिक, बालबालिका र दलित समुदायलाई छुट्टै योजना र वजेट मार्फत प्रत्यक्ष कार्यक्रमहरु व्यापक मात्रामा संचालन गरिनु पर्ने ।
- अन्य समूह तथा संस्थाहरूसँग समय-समयमा कार्यक्रम सम्बन्धमा छलफल तथा अन्तरकृया गर्नुपर्ने ।

## ७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझावहरु :

### क) कृषि तथा पशुपंक्षी तर्फ

- बजारीकरण र पूर्वधारमा विषेश ध्यान दिनुपर्ने ।
- कृषि तथा पशुपंक्षी उत्पादनका लागी कोल्ड स्टोर, गोदाम घर, कृषि तथा पशुपंक्षी हाटबजार स्थलको निर्माण गरीनु पर्ने ।
- कृषि तथा पशुपंक्षी पालनमा युवाहरुलाई आर्कषण गर्ने युवा लक्षित कार्यक्रम ल्याउनु पर्ने ।
- अनुदान दोहरीने समस्या विगतमा भएकोले यस सम्बन्धी विषेश समिती वनाई लागु गर्नुपर्ने ।
- टुक्रे जमिन र निर्वाहमुखि खेती प्रणालीलाई व्यवसायिक खेतीतिर प्रोत्साहन गर्ने कार्यक्रम संचालन गर्नुपर्ने ।

- कृषि पेशामा आर्कषण घटदै गई रहेकोले जनचेतना र नागरीकको बढि संलग्नता बढाउने कार्यक्रम संचालनमा ल्याउनु पर्ने ।
- कृषि र पशुपंक्षी सेवामा कार्यरत कर्मचारीहरुलाई नयाँ प्रविधी र सेवा सम्बन्धी सिप र क्षमतामा बृद्धि गराउनु पर्ने ।

**ख) आन्तरिक आय तर्फ**

- कर सहभागिता तथा सचेतना बर्षको रुपमा अभियान सञ्चालन गर्नुपर्ने ।
- राजस्व संभाव्यता अध्ययन तथा प्रक्षेपण गरिनुपर्ने ।
- आर्थिक प्रशासन ऐन र नियमावली बमोजिम व्यवस्था गरिनु पर्ने विभिन्न कोषहरु जस्तै : प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन कोष, मर्मत संभार कोष, महिला हिंसा निवारण कोष लगायतका कोषहरु संचालन गरिनु पर्ने ।

**(ग) भौतिक पूर्वाधार निर्माण तर्फ**

- प्रभावकारी अनुगमन साथै अनुगमनका सिकाईहरुको लिखित प्रतिवेदन हुनुपर्ने ।
- पूर्वाधार योजनाको विस्तृत संभाव्यता अध्ययन र प्रभाव मूल्याङ्कन गरेर मात्रै कार्यान्वयन गरिनुपर्ने ।
- उपभोक्ता समितिलाई आयोजना संचालन पूर्व आयोजना संचालन सम्बन्धी तालिम दिनुपर्ने ।
- आयोजना सञ्चालनगर्दा पारदर्शिता र जवाफदेहितामा जोड दिनुपर्ने ।
- आयोजना निर्माण गर्दा लाभग्राहीको लागत/जनसहभागितालाई प्रोत्साहन गर्ने ।

**(घ) सामाजिक विकास तर्फ**

- सरकारी तथा गैरसरकारी संघसंस्थाको सूची निर्माण गरी उनीहरुले सञ्चालन गरेका कार्यक्रमको प्रभावकारी अनुगमन एवम् मुल्याङ्कन गरी व्यवस्थित गरिनुपर्ने ।
- नगरपालिकामा निर्माण हुने सार्वजनिक भौतिक संरचना र कार्याक्रमहरुलाई बालमैत्री, अपाङ्गमैत्री, लैगिक मैत्री, जेष्ठ नागरिकमैत्री एवं वातावरण मैत्री बनाउनुपर्ने ।
- स्वास्थ्य संस्थाहरुमा पर्याप्त जनशक्ति र उपकरणहरुको व्यवस्था गरिनुपर्ने ।
- योजना निर्माण र कार्यान्वयनमा लक्षित वर्गको अर्थपूर्ण सहभागिता गराउनुपर्ने ।

**(ङ) सार्वजनिक सम्पति**

- सार्वजनिक जग्गाको लागत संकलन एवम् अध्यावधिक गरिनुपर्ने ।
- प्राकृतिक सम्पदाहरुको संरक्षणमा विशेष पहल गरिनुपर्ने ।

**(च) अन्य**

- कार्यालयमा पर्याप्त उपकरण र सामाग्रीहरुको व्यवस्था गर्नुपर्ने
- जनशक्तिको क्षमता विकास गर्नुपर्ने
- वातावरण संरक्षणको क्षेत्रमा स्पष्ट कार्ययोजना निर्माण गर्नुपर्ने
- कर प्रणाली, नक्सा, घर नम्बरलाई भौगोलिक सूचना प्रणालीमा आवद्ध गर्ने
- कर तथा सहभागिताको लागी व्यापक प्रचार प्रसारको जरुरी
- फोहर व्यवस्थापन लगायत अन्य सुचकहरुको व्यवस्थापनभए पनि दिर्घकालिन निति र कार्य योजनासाथ अगाडि बढ्नु पर्ने
- पर्याप्त जनशक्ति उपकरण सामाग्री एवं सुविधाको व्यवस्था गरिनुपर्ने
- सार्वजनिक सम्पत्तिको संरक्षणमा कार्ययोजनाको साथ अघि बढ्नुपर्ने

सामाजिक परीक्षकको नाम : सोभिता परियार
दस्तखत :
संस्थाको नाम : उत्पाीडत सामदायिक विकास केन्द्र
कोहलपुर-११, बाँके

## अनुसूची-६
(दफा १८ को उपदफा (२) सँग सम्बन्धित)
**विषयगत कार्यालय तथा नपाका योजना र कार्यक्रमहरु /गैर सरकारी संस्थाहरुको सामाजिक परीक्षण प्रतिवेदन**

**क) बिषयगत शाखाका योजना तथा कार्यक्रमहरु :**

**स्वास्थ्य शाखा कार्यालयको आ.व.२०७८/०७९ मा भएको प्रगति विवरण :**

**क. संस्थागत संचरचना तथा सेवा प्रवाह**

- **आधारभूत नगर अस्पताल - १ वटा- कोभिड १९ केन्द्रित सबै उपचार-९जना**
- **स्वास्थ्य चौकी - ४ वटा -प्राथमिक उपचार- ३२ जना**
- **आधारभूत स्वास्थ्य केन्द्र - ४ वटा -प्राथमिक उपचार-१६जना**
- **सर्पदंश उपचार केन्द्र - १ वटा - सर्पदंश उपचार- ३ जना**
- **गाउँघर क्लिनिक - २०**
- **खोप क्लिनिक -२२ वटा**
- **महिला स्वास्थ्य स्वयंसेविका- ८३ - परामर्श तथा प्रेषण-८३ जना**
- **आयुर्वेदि आरोग्य केन्द्र - १ वटा- प्राथमिक उपचाार २ जना**

**ख. स्वास्थ्य सेवा प्रवाह**

- नियमित खोप सेवा पाएको संख्या–६७२४
- OPD मा नयाँ विरामी संख्या-१९१८४
- सुत्केरी यातायात खर्च पाएको संख्या- ५८४
- गर्भवती जाँच प्रोत्साहन पाएको संख्या-४८९
- नयाँ मापदण्ड अनुसार स्वास्थ्य चौकी भवन निर्माण-३
- आधाारभूत स्वास्थ्य केन्द्र भवन निर्माण-५
- कोभिड १९ संक्रमित व्यवस्थापन संख्या-१५१७
- आइशोलेशन तथा आधारभूत नगर अस्पताल सेवा-१६४
- कोभिड १९ रोग विरुद्धको खोप संख्या-१६५९२
- निःशुल्क उपचार सिफारिस गरिएकाो संख्या-३६
- स्वास्थ्य विमा कार्यक्रम अर्न्तगत बिमित संख्या-९२४१
- Antigen गरेको जम्मा संख्या-१७०६
- PCR गरेको जम्मा संख्या-१०३०
- गर्भवति महिलाई टिटि खोप – ७७ प्रतिशत महिला
- २ बर्ष मुनिको बालबालिको तौल लिएको – ११३६
- गर्भवति महिलालाई आईरन चक्कि वितरण – ८८ प्रतिशत
- शिशु जाँच – ३८ प्रतिशत
- ५ वर्ष मुनिकालाई श्वास प्रश्वास रोग लागेका बच्चाहरुको रेखदेख – १८१४ जना
- ५ बर्ष मुनिका बच्चालाई निमोनियाको उपचार – ५१९
- झाडापखाला उपचार – १२२९
- जिङ्क चक्कि जिवनजल वितरण कार्यक्रम – ११४०

**समस्याहरु :**

- माग अनुसारको प्रयाप्त बजेट नहुनु ।
- समयमानै औषधी तथा अन्य सामग्रीहरु उपलब्ध हुन नसक्नु ।
- व्यवस्थित प्रयोगशाला एवं आवश्यक पर्ने विशेषज्ञ जनशक्तिको अभाव ।

**.सुझाव एवं सुधार गर्नुपर्ने कुराहरु :**

- स्वास्थ्य सेवाको बारेमा सार्वजनिकिकरण गरिनुपर्ने ।
- स्वास्थ्य चौकिलाई सुविधा सम्पन्न गराईनुपर्ने ।
- कार्यालय संचालनका लागि प्रर्याप्त बजेट छुट्याउनुपर्ने ।

**२.पशुपंक्षी तथा मत्स्य विकास शाखाबाट संचालित कार्यक्रमहरुको लक्ष्य एवं प्रगति :**

| क्र.सं | कार्यक्रम | लक्ष्य | प्रगति | कैफियत |
|---|---|---|---|---|
| १ | पशुपंक्षी उपचार सेवा | | २१३१५ पशुपंक्षी | |
| २ | खोप सेवा कार्यक्रम | | ३६५३४ पशुपंक्षी | |
| ३ | पशु बन्ध्याकरण सेवा | | ९१४ पशुपंक्षी | |
| ४ | कृतिम गर्भाधान सेवा | | १६२ वटा | |
| ५ | एक वडा एक पशु स्वयंसेवक सेवा | | ८ जना | |
| ६ | पशुपालक कृषक घरधुरी संख्या | | ९००० परिवार | |
| ७ | पशुपंक्षी फर्म | | १३० फर्म | |
| ८ | समुह दर्ता | | ८६ समुह | |
| ९ | पशुपंक्षी संख्या | | १२९७११ | |
| १० | बाखा पकेट कार्यक्रम | | ४ | |
| ११ | भैंसी पकेट कार्यक्रम | | २ | |
| १२ | बंगुर पकेट कार्यक्रम | | ८ | |
| १३ | बाखाको खोर सुधार अनुदान | | १९० | |
| १४ | भैंसीको गोठ सुधार अनुदान | | २० | |
| १५ | बंगुरको गोठ सुधार अनुदान | | २० | |
| १६ | बाखा फर्म प्रबर्धन कार्यक्रम | | २ | |
| १७ | कुखुरा फर्म प्रबर्धन कार्यक्रम | | २ | |
| १८ | भैंसी फर्म प्रबर्धन | | २ | |
| १९ | बाखा सिवतरण | | २१० | |
| २० | भैंसी वितरण | | ४० | |
| २१ | बंगुर वितरण | | ३८० | |
| २२ | कुखुरा वितरण | | ७०० | |
| २३ | घाँस विकास कार्यक्रमबाट घाँसको बेर्ना, बिउ तथा बिरुवा पाउने किसान | | १२०० | |
| २४ | बोयर बोका वितरण | | २ | |
| २५ | आधुनिक मासुपसल सुधार सहयोग | | ४ | |
| २६ | च्यापकटर (घाँस काट्ने मेशिन) वितरण | | २३ | |
| | **नगरपालिकाबाट भएको सहयोग तथा अनुदान** | | | |
| १ | बाखाको खोर सुधार | | १९० | |
| २ | बाखा वितरण | | २७५ | |
| ३ | माऊ भैंसी वितरण | | ७० | |
| ४ | बंगुर | | ३८० | |
| ५ | बोयर बोका वितरण | | ६ | |
| ६ | राँगा वितरण | | ४ | |

**समस्याहरु :**

- कार्यालयको उचित व्यवस्थापन नभएकोले सेवा दिन असुविधा ।
- भौतिक पुर्वाधार विकासमा समस्या ।
- डक क्यारेट नभएकोले उपचारमा समस्या ।

**उपलब्धिहरु :**

- तालिमबाट जनचेतना अभिबृद्धि हुनुका साथै स्वच्छ पशुपंक्षीको उत्पादनमा सहयोग पुगेको ।
- नश्ल सुधार कार्यक्रमबाट दुग्ध उत्पादनमा वृद्धि भएको ।
- विपन्न तथा दलितको आय-आर्जनमा वृद्धि भएको ।
- पशुको नश्ल सुधार हुनुका साथै पशुपंक्षीको उत्पादन र उत्पादकत्वमा बृद्धि भएको ।

**सुझावहरु :**

- योजना तर्जुमा गर्दा कृषकहरुको आय-आर्जन वृद्धि हुने खालका कार्यक्रम हुनुपर्नु ।
- पशुपंक्षी पालन सम्बन्धी विशेष कार्यक्रम बनाईनुपर्ने ।
- आयआर्जनका लागि कृषकहरुलाई कुखुरा तथा अण्डा उत्पादनमा प्रेरित गर्नुपर्ने ।
- स्वच्छ मासु उत्पादनका लागि ON Health को कार्यक्रम बनाईनुपर्ने ।
- जनचेतना अभिवृद्धि हुने खालका तालिम गोष्ठिहरु संचालन गरिनुपर्ने ।
- स्वच्छ मासुका लागि व्यवस्थित वधशाला निर्माण गरिनुपर्ने ।

**३.कृषि विकास शाखाबाट संचालित कार्यक्रमहरुको लक्ष्य एवं प्रगति :**

**संचालित कार्यक्रमहरु :**

- कृषि यान्त्रिकरण पावर टिलर वितरण- ६२ वटा
- रिपर - १६
- मिनि टिलर-३७ वटा
- सिंचाई बोरिङ्ग सहयोग -१००
- साना सिंचाई सहयोग-५२
- प्लाष्टिक टनेल  सहयोग-१६५
- स्प्रेयर टंकी वितरण -२५
- तरकारी संकलन तथा ढुवानीका लागि पिकअप भ्यान सहयोग-१
- बिऊ धान र गहुँ उत्पादन कार्यक्रम
- बिउ बैंक स्थापना र संचालन
- आलु उत्पादन कार्यक्रम
- मसलाजन्य बाली प्रबर्द्धन कार्यक्रम
- तरकारी खेती प्रवर्द्धन कार्यक्रम
- सिंचाई कुलो मर्मत तथा निर्माण
- बगर खेती कार्यक्रम
- ५० प्रतिशत अनुदानमा बिऊ वितरण ( मसुरो, धान, गहुँ, तरकारी आदि)
- प्राविधिक सल्लाह निशुल्क वितरण
- स्थलगत तालिम संचालन (खाद्यान्न, तरकारी,दलहन, तेलहन, फलफुल)

**उपलब्धिहरु :**

- तरकारी तथा खाधान्न बालीको उत्पादन र उत्पादकत्वमा वृद्धि भएको ।
- स्थानिय स्तरमा कृषकको आय स्तरमा वृद्धि ।
- खाद्यान्नको बिउ (धानर गहुँको बिउ) उत्पादनमा नगरपालिका आत्मनिर्भर भएको ।

- स्थानीयवासीहरुलाई आत्मनिर्भर बन्नमा टेवा पुगेको
- किसानले आधुनिक प्रविधि र कृषि यन्त्र प्राप्त गरी आधुनिक कृषि प्रविधिको उपयोग भएको ।

**४.महिला, बालबालिका तथा समाज कल्याण उपशाखा द्वारा संचालित कार्यक्रमहरुको लक्ष्य एवं प्रगति :**

**सामाजिक सुरक्षा कार्यक्रमको कुल लाभग्राही संख्या : ३७०० जना**

- जेष्ठ नागरीक -१८१६ जना
- जेष्ठ नागरीक दलित-१६६ जना
- एकल महिला-४१६ जना
- विधुवा महिला-६४१ जना
- पूर्ण अपाङ्ग-१२४ जना
- अति अशक्त अपाङ्ग- २७६ जना
- ५ वर्ष मुनीका दलित बालबालिका-२६१ जना
- जेष्ठ नागरीक स्वास्थ्य शिविर कार्यक्रम ।
- क्षमता विकास कार्यक्रम ।
- बाल क्लबहरुको गठन तथा परिचान कार्यक्रम ।

## ५. लक्षित वर्ग उत्थान कार्यक्रम :

**१.बालबालिकाको सपना परियोजना अर्न्तगत गरिएका कार्यक्रमहरु :**

- गर्भवती अवस्था देखि २ वर्ष सम्मका बालबालिकाको चौतर्फी विकास (सामाजिक विकास, संवेगात्मक विकास, शारिरीक विका र बौद्धिक विकास) गर्न यो परियोजना नगरपालिकाका सबै वडामा प्लान ईन्टरनेशनल नेपालसँगको साझेदारीमा संचालन भएको ।
- यस परियोजनाबाट बालबालिकाको मुख्य रुपमाा देहायको क्षेत्रमा काम गरिएको छ ।
  १. संरक्षण, सुरक्षा, सहयोग
  २. उत्प्रेरण, सिकाई र शिक्षा
  ३. पोषण, स्याहार र सरसफाई
- अभिवावक शिक्षा कार्यक्रम ।
- पोषण शिक्षा कार्यक्रम ।
- स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास कार्यक्रम ।
- मातृ तथा शिशु स्वास्थ्य स्याहार, खोप, उपचार तथा पोषण कार्यक्रम ।

**उपलब्धिहरु :**

- गर्भावस्था देखि २ वर्ष सम्मका बालबालिकाको हेरचाह र विकास प्रति अभिवावकहरु संचेत भएका छन् ।
- बालबालिकाहरुको अर्न्तनिहित क्षमताको विकास भएको ।
- बालबालिकाको शारिरीक, सामाजिक, संवेगात्मक तथा बौद्धिक विकासमा टेवा पुगेको ।
- मातृ तथा बाल मृत्यु दरमा कमी आएको छ ।
- गर्भवती महिला र बालबालिकाको पोषण र स्वास्थ्यको क्षेत्रमा सुधार आएको छ ।

**२.अन्य लक्षित कार्यक्रम :**

- सुरक्षित विपन्न आवास कार्यक्रम अर्न्तगत १०० घरधुरी निर्माण भएको ।
- सुरक्षित नागरिक आवास कार्यक्रम अर्न्तगत १७३ फुसको छाना भएको घरधुरीमा टिनको छाना लगाउने कार्यक्रम सम्पन्न भएको ।
- १९४३ जना जेष्ठ नागरिक प्रमाण पत्र तथा सम्मान कार्यक्रम गरिएको ।
- २७ थान ह्वील चेयर अपाङ्ग नागरिकहरुलाई निःशुल्क रुपमा वितरण भएको ।
- लक्षित वर्ग उत्थान कार्यक्रमहरु सम्बन्धित वडा कार्यालयहरुबाटै संचालन गरिएको ।
- लक्षित वर्गको उत्थान, विकास र सशक्तिकरणका लागि विभिन्न संघसंस्थाहरुबाट कार्यक्रमहरु संचालन भएको ।

## ६.गैर सरकारी संस्थाहरुले गरेका कामहरु :

| क्र.स. | गैर सरकारी संस्थाको नाम | संचालित परियोजनाको नाम | सहयोग गर्ने दातृ निकायको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | गेरुवा जागरण संघ | किशोर-किशोरीहरुको प्रजनन् र स्वास्थ्य अधिकार परियोजना | प्लान ईन्टरनेशनल नेपाल | रु.८७,६३,३६७।- | |
| | | प्रयास परियोजना | टि.डि.एच. नेपाल | रु.५०५,२५०।- | |
| २ | नेपाल रेडक्रस सोसाईटी | रक्त संङ्कलन शिविर | | रु.१०,०००।- | |
| | | आँखा उपचार शिविर | | रु.४५,०००।- | |
| | | कान उपचार शिविर | | रु.३०,०००।- | |
| ३ | थारु महिला उत्थान केन्द्र | महिलाका लागि नेतृत्व विकास कार्यक्रम | IFA जर्मनी | रु.७,२७,१९३।- | |
| ४ | थारु विकास मंच | जिविकोपार्जन सुधार तथा समानुकुलन क्षमता अभिबृद्धि LREP कार्यक्रम | नर्वे विकास कोष-नर्वे | रु.१५,११,३१६।- | |
| ५ | बाँके युनेस्को क्लब | बाल संरक्षण परियोजना | प्लान ईन्टरनेशनल नेपाल | रु.८०८,७५०।- | |
| ६ | जन जागरण | सुआहारा दोस्रो चरण कार्यक्रम | सुआहारा कार्यक्रम | रु.८४५,७५८।- | |
| ७ | USAID द्धारा स्वास्थ्यका लागि सक्षम प्रणाली | स्वास्थ्यका लागि सक्षम प्रणाली | USAID | रु.६०,००,०००।- | |

### आर्थिक वर्ष २०७८/०७९ को वित्तिय प्रगति विवरण

| विवरण | विनियोजन | प्रतिशत | यथार्थ आय | खर्च | प्रतिशत |
|---|---|---|---|---|---|
| चालु तर्फ | ३८,२०,९८,७९७.०० | ५०.४५ | ४४२३२२१९५.०० | ३८,११,७४,७४७.०० | ८६.०५ |
| पुंजीगत तर्फ | ३७,३५,३१,५२७.०० | ४९.५५ | ३५७७९२७०१.०० | २०,७३,४२,३३६.०० | ५७.९५ |
| **जम्मा** | **७५,७४,३०,३२४.००** | १०० | ८०,०१,१४,८९६.०० | **५८,८५,१७,०८४.००** | १०० |

### क्षेत्रगत बजेट बाँडफाँड विवरण

| क्र.स. | क्षेत्र | बजेट | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | चालु तथा प्रशासनिक | ९,७०,५६,४७४.०० | १२.८१ | |
| २ | सामाजिक विकास | २५,९५,३७,२६९.०० | ३४.२५ | |
| ३ | आर्थिक विकास | ४,९९,१७,५००.०० | ६.५९ | |
| ४ | पुर्वाधार विकास | २७,७१,४५,०८१.०० | ३६.५९ | |
| ५ | वातावरण तथा विपद् व्यवस्थापन | २,१३,७५,०००.०० | २.८२ | |
| ६ | वडा स्तरीय कार्यक्रम | ५,२५,००,०००.०० | ६.९३ | |
| **जम्मा** | | ८०,०१,१४,८९६.०० | १०० | |

## सामाजिक क्षेत्रको बजेट विवरण

| क्र.स. | क्षेत्र | विनियोजित बजेट रकम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा | १९,५२,५४,८४३.०० | |
| २ | स्वास्थ्य | ३,९३,७३,४२६.०० | |
| ३ | महिला तथा बालबालिका | १९,८०,०००.०० | |
| ४ | शवदाह गृह निर्माण | २०,००,०००.०० | |
| ५ | सुरक्षित आवास | ५०,५०,०००.०० | |
| ६ | नगर स्तरीय प्रज्ञाप्रतिष्ठान | १०,००,०००.०० | |
| ७ | खेलकुद | २५,८०,०००.०० | |
| **जम्मा** | | **२४,७२,३८,२६९.००** | |

## आन्तरिक आय

| क्र.स. | आम्दानी | रकम | कैफियत |
|---|---|---|---|
| १ | भूमिकर/मालपोत | ५३,४२,१००.०० | |
| २ | घरबहाल कर | १३,१५,८९१.०० | |
| ३ | वहाल विटौरी कर | ३८,१६४.०० | |
| ४ | नक्सापास दस्तुर | २०,५२,३५७.०० | |
| ५ | सिफारिस दस्तुर | ५०,२०,७१०.०० | |
| ६ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५,६३,०६९.०० | |
| ७ | अन्य दस्तुर | ९१,३४,९३५.०० | |
| ८ | अन्य प्राकृतिक श्रोत दस्तुर | २,५९,४९,७६५.०० | |
| ९ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | १४,३५,८०४.०० | |
| १० | घर जग्गा रजिष्ट्रेशन शुल्क | १,४३,१५,५५६.०० | |
| **जम्मा** | | **६,५१,६८,३३३.००** | |

सामाजिक परीक्षकको नाम : सोभिता परियार
दस्तखत : 
संस्थाको नाम: उत्पीडित सामुदायिक विकास केन्द्र (OCDC-Banke), कोहलपुर

# अनुसूची-०७
# सामाजिक परिक्षण कार्यक्रमका झलकहरु

| अभिमुखिकरण, प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा सार्वजनिक बहस छलफल |
| --- |









(Social









# आयोजनाका फोटोहरु






मानव वन्यजन्तु द्वन्द व्यवस्थापनका लागि पक्की पर्खाल निर्माण आयोजना,
ठाकुरबाबा वडा नं. ४ सैनवार









रानिपुर कालिगौडी सडक कालोपत्रे योजना, ठाकुरबाबा वडा नं.२ र ७








**तिनबत्ती देखी भण्डारीको घरसम्म ग्रावेल, स्थान :- वडा नं. ५ वनवीर ।**



सरसफाई तथा वातावरण संरक्षणका लागि नगरपालिकाले सार्वजनिक स्थानमा राखेका डस्टविन

**आयोजनाबाट लाभान्वित लक्षित समुह छलफलका (Focus Group Discussion, FGD) का तस्बीरहरु**










OPPO A53


OPPO A53





आधारभूत स्वास्थ्य सेवा केन्द्र














वडा कार्यालयहरु







